# नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि, २०६६

(संशोधन र परिमार्जन सहित)

# Minimum Conditions and Performance Measures Assessment Manual of Municipality 2009

(With revision and amendment)

नेपाल सरकार

स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

# नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित), २०६६

# Minimum Conditions and Performance Measures Assessment Manual of Municipality (with revision and amendment), 2009

नेपाल सरकार

स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

# नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि


प्रकाशक : स्थानीय निकाय वित्तिय आयोगको सचिवालय

संस्करण : २०७० वैशाख (परिमार्जन र संशोधन सहित)



सर्वाधिकार : स्थानीय निकाय वित्तिय आयोगको सचिवालय



प्रति : १,०००

मुद्रक : प्रगति प्रिन्टर्स, अनामनगर, काठमाण्डौ

# विषय-सूची

**परिच्छेद–१** **१**

**प्रारम्भिक** **१**

१. प्रस्तावना १

१.१ संक्षिप्त नाम र प्रारम्भ १

१.२ परिभाषा १

**परिच्छेद–२** **३**

**न्यूनतम शर्तका सूचकहरू र मापन विधि** **३**

२.१ न्यूनतम शर्तका सूचकहरू ३

२.२ न्यूनतम शर्तका सूचकहरूको मापन विधि ३

सूचक नं १ : वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति ३

सूचक नं २ : वार्षिक प्रगति समीक्षा ४

सूचक नं. ३ : चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन ५

सूचक नं ४ : नगरपालिका कोषको खाता सञ्चालन ५

सूचक नं. ५ : कर तथा आयस्रोतको अभिलेख ६

सूचक नं. ६ : लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट ७

सूचक नं. ७ : सम्पत्ति व्यवस्थापन ८

सूचक नं ८ : भवन निर्माण तथा नक्सा पास ९

सूचक नं ९ : आय-व्यय विवरण र राजस्वका दरहरू सार्वजनिकीकरण ९

सूचक १० : कर्मचारी व्यवस्थापन १०

**परिच्छेद–३** **१२**

**कार्यसम्पादन मापन** **१२**

३.१ कार्य सम्पादन मापनका कार्यक्षेत्र, सूचकहरू र अङ्कभार १२

३.२ कार्य सम्पादन मापनका सूचकहरूको व्याख्या र मापन विधि १२

**कार्य क्षेत्र समूह नं. १ : स्थानीय शासन** **१३**

सूचक नं. १ सहभागितात्मक नगर योजना तर्जुमा १३

सूचक नं. २ : लक्षित समूह विकास कार्यक्रममा विनियोजन १४

सूचक नं. ३ लक्षित समूह विकास कार्यक्रममा खर्च १५

सूचक नं. ४ बाल विकास तथा संरक्षण १६

सूचक नं. ५ : सूचना व्यवस्थापन १७

सूचक नं. ६ : सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन १८

सूचक नं. ७ मासिक तथा वार्षिक भौतिक एवम वित्तीय प्रगति विवरण १९

सूचक नं. ८ सार्वजनिक सुनुवाई २०

**कार्यक्षेत्र समूह नं. २ वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन** **२१**

सूचक नं. ९ राजस्व सम्भाव्यता अध्ययन र प्रक्षेपण २१

सूचक नं. १०. आय व्ययको यथार्थता २२

सूचक नं. ११ राजस्व प्रशासनको व्यवस्थापन २३

सूचक नं. १२ एकिकृत सम्पति कर २४

सूचक नं. १३ सार्वजनिक निजी क्षेत्र साझेदारी २४

सूचक नं. १४. प्रशासनिक खर्चको सीमा पालना २५

सूचक नं. १५ प्रोद्‌भावी लेखा प्रणाली (Accrual Accounting System) २६

सूचक नं. १६ धरौटी खाताको अवस्था २६

सूचक नं. १७ आर्थिक कारोवारको गुणस्तर २७

सूचक नं. १८ आर्थिक सहायताको सीमा पालना २८

सूचक नं. १९ स्थानीय स्रोत परिचालन २९

**कार्यक्षेत्र समूह नं. ३ : योजना तथा कार्यक्रम व्यवस्थापन** **३०**

सूचक नं. २० आवधिक नगर योजना ३०

सूचक नं. २१ सम्भाव्यता अध्ययन ३१

सूचक नं. २२ खरिद व्यवस्थापन ३२

सूचक नं. २३ जाँचपास तथा फरफारक ३३

| | |
|---|---|
| सूचक नं. २४ मर्मत संभार व्यवस्था | ३३ |
| सूचक नं. २५ आयोजना सञ्चालनमा पारदर्शिता | ३४ |
| सूचक नं. २६ अनुगमन तथा मूल्याङ्कन | ३५ |
| सूचक नं. २७ सामाजिक परीक्षण | ३६ |
| **कार्यक्षेत्र समूह नं. ४ : सँगठन तथा जनशक्ति विकास** | **३७** |
| सूचक नं. २८  कर्मचारीको कार्य विवरण तथा मासिक बैठक | ३७ |
| सूचक नं. २९ सेवा प्रवाह व्यवस्थापन | ३८ |
| सूचक नं. ३० कर्मचारी कल्याण कोष | ३८ |
| सूचक नं. ३१ सेवा करार | ३९ |
| सूचक नं. ३२ आचार संहिता तथा सम्पत्ति विवरण | ४० |
| **कार्यक्षेत्र नं. ५ : शहरी आधारभूत सेवा व्यवस्थापन** | **४१** |
| सूचक नं. ३३ सरसफाई तथा फोहर व्यवस्थापन | ४१ |
| सूचक नं. ३४ वातावरण व्यवस्थापन | ४२ |
| सूचक नं. ३५ सवारी साधन पार्किङ्ग व्यवस्थापन | ४३ |
| सूचक नं. ३६ मासु पसलको नियमन तथा व्यवस्थापन | ४४ |
| सूचक नं. ३७ जनस्वास्थ्य प्रबर्द्धन | ४५ |
| सूचक नं. ३८  आकस्मिक सेवा र विपद जोखिम व्यवस्थापन | ४५ |
| सूचक नं. ३९ पञ्जिकरण व्यवस्थापन | ४६ |
| सूचक नं. ४० भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहिता, २०६० कार्यान्वयन | ४७ |
| **परिच्छेद–४** | **४९** |
| **गुणस्तर परीक्षण** | ४९ |
| **परिच्छेद–५** | **५०** |
| **मूल्याङ्कन व्यवस्थापन** | **५०** |
| ५.१  मूल्याङ्कन प्रणालीको व्यवस्थापन | ५० |
| ५.२  न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको पूर्व तयारी | ५० |

५.३ न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यान्वयन तथा सुपरिवेक्षण व्यवस्था ५०
५.४ मूल्याङ्कन गर्ने टोली ५२
५.५ मूल्याङ्कन गर्ने विधि ५२
५.६ मूल्याङ्कनको नतीजा उपर सुनुवाई सम्बन्धी व्यवस्था ५३

**परिच्छेद–६ ५४**
**नेपाल सरकारका केन्द्रिय निकायहरूको भूमिका ५४**

**परिच्छेद–७ ५६**
**आचार संहिता ५६**
१. मूल्याङ्कनकर्ताले पालन गर्नुपर्ने आचार संहिता ५६
२. नगरपालिकाले पालन गर्नुपर्ने आचार संहिता ५६

**परिच्छेद–८ ५८**
**न्यूनतम शर्त तथा कार्यसम्पादन मापन अनुसार अनुदान बाँडफाँड प्रणाली ५८**

# शब्दसार

| | |
|---|---|
| **जिविस** | जिल्ला विकास समिति |
| **नपा** | नगरपालिका |
| **गाविस** | गाउँ विकास समिति |
| **लेप** | लेखा परीक्षण |
| **आलेप** | आन्तरिक लेखा परीक्षण |
| **स्थाविमं** | सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय |
| **स्थानिविआ** | स्थानीय निकाय वित्तीय आयोग |
| **MCs** | Minimum Conditions |
| **PMs** | Performance Measures |
| **रायोआ** | राष्ट्रिय योजना आयोग |
| **अमं** | अर्थ मन्त्रालय |
| **आ.व.** | आर्थिक वर्ष |
| **आनवियो** | आवधिक नगर विकास योजना |
| **आजिवियो** | आवधिक जिल्ला विकास योजना |
| **IEE** | Initial Environmental Examination |
| **EIA** | Environmental Impact Assessment |
| **EMP** | Environment Management Plan |
| **M-ARMP** | Municipal Annual Road Maintenance Plan |
| **न्यूसकास** | न्यूनतम शर्त तथा कार्यसम्पादन मापन |

# परिच्छेद -१
# प्रारम्भिक

### १. प्रस्तावना

स्थानीय स्वायत्त शासन ऐन २०५५, को परिच्छेद ८ ले नगरपालिकालाई राजस्व अधिकार प्रदान गरेको र दफा २३६ बमोजिम नेपाल सरकारले अनुदान दिने व्यवस्था गरेको छ। स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को नियम २७३ 'घ' ले यस्तो रकम प्रवाह गर्दा न्यूनतम शर्त तथा कार्यसम्पादन सूचकको आधारमा स्थानीय निकायहरूको मूल्याङ्कन गरी स्थानीय निकायलाई दिइने वार्षिक अनुदानमा थपघट गर्न र उत्कृष्ट कार्य गर्ने स्थानीय निकायहरूलाई पुरस्कृत गर्न सक्ने व्यवस्था गरेको छ। सो व्यवस्था कार्यान्वयन गर्न नेपाल सरकार स्थानीय निकाय वित्तीय आयोगले यो "नगरपालिकाका लागि न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित), २०६६" तर्जुमा गरी लागू गरेको छ।

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम "नगरपालिकाको न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यविधि (परिमार्जन र संशोधन सहित), २०६६" रहेको छ।

ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

**१.२ परिभाषा** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "ऐन" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ सम्झनु पर्दछ।

(ख) "नियमावली" भन्नाले स्थानीय स्वायत्त शासन नियमावली, २०५६ सम्झनु पर्दछ।

(ग) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनु पर्दछ।

(घ) "नगरपालिका" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम गठित र ८८ बमोजिम वर्गीकरण गरिएको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिका समेतलाई सम्झनु पर्दछ।

(ङ) "जिल्ला विकास समिति" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १७६ बमोजिम गठित जिल्ला विकास समिति सम्झनु पर्दछ।

(च) "नगर परिषद्" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ७६ बमोजिम गठित नगरपालिकाको परिषद् सम्झनु पर्दछ।

(छ) "बोर्ड" भन्नाले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ८० बमोजिम गठित नगरपालिका (कार्यकारी समिति) सम्झनु पर्दछ।

(ज) "आयोग" भन्नाले स्थानीय निकाय वित्तीय आयोग सम्झनु पर्दछ।

(झ) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सम्झनु पर्दछ।

(ञ) “सचिवालय” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सचिवालयलाई बुझाउँदछ।

(ट) “सचिव” भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव सम्झनु पर्दछ।

(ठ) “सदस्य–सचिव” भन्नाले स्थानीय निकाय वित्तीय आयोगको सदस्य–सचिवलाई बुझाउँदछ।

(ड) “कार्यकारी अधिकृत” भन्नाले नगरपालिकाको कार्यकारी अधिकृत (सचिव) सम्झनु पर्दछ।

(ण) “आर्थिक वर्ष” भन्नाले श्रावण एक गतेबाट शुरु भई आषाढ मसान्तमा समाप्त हुने अवधि सम्झनुपर्दछ।

(त) “न्यूनतम शर्त” भन्नाले नगरपालिकाले स्थानीय स्वायत्त शासन ऐन तथा सो ऐन अन्तर्गतका नियमावलीहरूका साथै नगरपालिकासँग सम्बन्धित अन्य प्रचलित कानून एवम् कार्यविधिमा उल्लेख भएका प्रावधानहरू मध्ये अनिवार्य रुपमा पालना गर्नु पर्ने यो कार्यविधिको परिच्छेद–२ मा उल्लेख भएका सूचकहरू र मापन विधि समेतलाई बुझाउँदछ।

(थ) “कार्यसम्पादन मापन” भन्नाले यस कार्यविधिको भाग-३ मा उल्लेख भए बमोजिमका कार्यसम्पादन मापनका सूचक र मापन विधि समेतलाई बुझाउँदछ।

(द) “चालु वर्ष” भन्नाले मूल्याङ्कन गर्न टोली खटिएको आ.व.लाई जनाउँछ।

(ध) “गत आ.व.” भन्नाले चालु आ.व.भन्दा अघिल्लो आ.व.लाई जनाउँछ।

(न) “गत आ.व. भन्दा अघिल्लो आ.व.” भन्नाले चालु आ.व.भन्दा दुई वर्ष अघिल्लो आ.व.लाई जनाउँछ।

(प) “स्रोत परिचालन कार्यविधि” भन्नाले स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ लाई जनाउँछ।

# परिच्छेद – २
# न्यूनतम शर्तका सूचकहरू र मापन विधि

## २.१ न्यूनतम शर्तका सूचकहरू

नगरपालिकाले अनिवार्य रुपमा पुरा गर्नु पर्ने न्यूनतम शर्तका देहाय बमोजिमका १० वटा सूचकहरू रहेका छन् :–

| सूचक नं | सूचक |
|---|---|
| १ | वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति |
| २ | वार्षिक प्रगति समीक्षा |
| ३ | चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन |
| ४ | नगरपालिका कोषको खाता सञ्चालन |
| ५ | कर तथा आयस्रोतको अभिलेख |
| ६ | लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट |
| ७ | सम्पत्ति व्यवस्थापन |
| ८ | भवन निर्माण तथा नक्सा पास |
| ९ | आय-व्यय विवरण र राजस्वका दरहरू सार्वजनिकिकरण |
| १० | कर्मचारी व्यवस्थापन |

न्यूनतम शर्तका उल्लेखित सवै सूचकहरू पूरा गर्नुपर्नेछ। कुनै एक मात्र सूचक पूरा नगरेमा कार्य सम्पादन मापनमा उच्च अङ्क प्राप्त गरे पनि न्यूनतम बाहेक थप पूँजिगत अनुदान रकम प्राप्त हुने छैन।

## २.२ न्यूनतम शर्तका सूचकहरूको मापन विधि

### सूचक नं. १ : वार्षिक कार्यक्रम तथा बजेट स्वीकृति

#### १.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९४ को उपदफा (१) को खण्ड (क), दफा १११ (५) र दफा १३० तथा नियामावलीको नियम १३६ बमोजिम गत आ.व.को पौष मसान्तभित्रै सम्पन्न  नगर परिषद्बाट चालु आ.व.को वार्षिक कार्यक्रम र बजेट स्वीकृत गरेको हुनुपर्छ। साथै यस्तो कार्यक्रम स्वीकृत गर्दा अबण्डामा रकम नराखी आयोजनागत बाँडफाँड गरिएको हुनुपर्छ।

### १.२ मापन तालिका

| क्र.स. | नगरपालिकाको बजेट तथा कार्यक्रम स्वीकृतिको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | चालु आ.व.को बजेट तथा कार्यक्रम गत आ.व. को पौष मसान्तभित्रै नगर परिषद्ले स्वीकृत गरेको | | |
| २ | सबै बजेट कार्यक्रमगत वा आयोजनागत रुपमा बाँडफाँड गरी स्वीकृत भएको | | |
| ३ | स्वीकृत कार्यक्रम र बजेट विवरण पारित भएको मितिले एक महिना भित्र मन्त्रालय र जिविसमा पठाएको | | |

### १.३ मापन विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### १.४ पुष्ट्याइका स्रोत

नगर परिषद् आह्वानको लागि पठाईएका सूचना, पत्र, नगर परिषद्को निर्णय पुस्तिका, स्वीकृत वार्षिक नगर विकास योजना पुस्तिका र मन्त्रालय तथा जिविसमा पठाएको पत्र।

## सूचक नं. २ ः वार्षिक प्रगति समीक्षा

### २.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ११८ को उपदफा (२) र नियमावलिको नियम १३९ को उपनियम (४) अनुसार गत भन्दा अघिल्लो आ.व.मा सम्पन्न नगरस्तरीय आयोजना र कार्यक्रमको वार्षिक प्रगति समीक्षा गत आ.व.को पहिलो चौमासिक भित्र गरिसकेको हुनुपर्छ।

### २.२ मापन तालिका

| क्र.स. | वार्षिक प्रगति समीक्षाको अवस्था | छ | छैन |
|---|---|---|---|
| १. | वार्षिक प्रगति समीक्षाका लागि सबै सरोकारवालाहरू (राजनीतिक दल सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधिहरू लगायत) लाई आमन्त्रण गरेको | | |
| २. | गत आ.व. भन्दा अघिल्लो आ.व.मा सम्पन्न कार्यक्रमको वार्षिक प्रगति समीक्षा गत आ.व. को प्रथम चौमासिक अवधि भित्र सम्पन्न गरेको | | |
| ३. | प्रगति समीक्षाको प्रतिवेदन समीक्षा भएको मितिले एक महिना भित्र मन्त्रालयमा पठाएको | | |
| ४. | समीक्षाको निष्कर्ष समीक्षा सम्पन्न भएको मितिले पन्ध्र दिन भित्र सूचना पाटी र वेभ साइट वा स्थानीय रेडियो वा पत्रिका मार्फत सार्वजनिक गरेको | | |

### २.३ मापन विधि

मापन तालिका को सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### २.४ पुष्ट्याइका स्रोत

समीक्षा बैठकमा उपस्थितिका लागि आमन्त्रण गरिएको पत्र, सहभागीको उपस्थिती रेकर्ड, बैठकमा प्रस्तुत प्रगति प्रतिवेदन, समीक्षा बैठकको निर्णय, मन्त्रालयमा पठाएको पत्र र रेडियो तथा पत्रिका मार्फत सार्वजनिक गरेको पुष्टि हुने कागजात।।

## सूचक नं. ३ : चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन

### ३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

स्रोत परिचालन कार्यविधिमा उल्लेख भए वमोजिम गत आ.व. का चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदनहरू तोकिएको मितिभित्र मन्त्रालयमा पठाएको हुनुपर्छ।

### ३.२ मापन तालिका

| क्र.स. | चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन पठाएको अवस्था | छ | छैन |
|---|---|---|---|
| १. | प्रथम चौमासिक प्रगति प्रतिवेदन गत आ.व.को मार्ग सात गते भित्र पठाएको | | |
| २. | दोस्रो चौमासिक प्रगति प्रतिवेदन गत आ.व. को चैत्र सात गतेभित्र पठाएको | | |
| ३. | तेश्रो चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन चालु आ.व. को श्रावण पन्ध्र गते भित्र पठाएको | | |

### ३.३ मापन विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ३.४ पुष्ट्याइका स्रोत

उल्लेखित प्रतिवेदनहरू पठाएको पत्र, प्रतिवेदन, वित्तीय तथा भौतिक प्रगति विवरणको कार्यालय प्रति आदि।

## सूचक नं ४ : नगरपालिका कोषको खाता सञ्चालन

### ४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नगरपालिकाको नाममा प्राप्त हुने सवै प्रकारको आम्दानी ऐनको दफा १२५ वमोजिमको नगरपालिका कोषमा आर्थिक प्रशासन नियमावलीको नियम २२ बमोजिम जम्मा गर्नुपर्नेछ। सो कोषमा जम्मा गरेपछि मात्र स्वीकृत बजेट र कार्यक्रमका आधारमा आवश्यकता अनुसार कार्य सञ्चालनस्तर (चालु तथा पूँजिगत खर्च) खातामा स्थानान्तरण गरी खर्च लेख्नु पर्नेछ। आर्थिक वर्षको अन्त्यमा कार्यसञ्चालन खातामा बाँकी रहेको रकम मध्ये फ्रिज

गर्नुपर्ने रकम नियमानुसार फ्रिज गरी बाँकी रकम नगरपालिका कोष खातामा स्थानान्तरण गरी कार्यसञ्चालन खाता शून्य गराइ आर्थिक कारोवार बन्द गर्नुपर्नेछ।

### ४.२ मापन तालिका

| क्र.स. | नगरपालिका कोषको स्थापना र सञ्चालन | छ | छैन |
|---|---|---|---|
| १. | नगरपालिका कोष खाता सञ्चालन भएको। | | |
| २. | नगरपालिकाको नाममा प्राप्त सवै प्रकारका आम्दानी रकम न.पा. कोष (ग४) मा आम्दानी बाधेको | | |
| ३. | स्वीकृत बजेट र कार्यक्रमका आधारमा कार्यसञ्चालन खातामा स्थानान्तरण गरेको | | |
| ४. | कार्यसञ्चालन खातामा रहेको रकममध्ये आ.व. को अन्त्यमा वाँकी हुन आएको रकम न. पा. कोषमा जम्मा गरेको | | |
| | आ.व. को अन्त्यमा फ्रिज गर्नुपर्ने सबै रकम फ्रिज गरेको | | |

***नोट : फ्रिज हुने रकम भन्नाले नेपाल सरकारबाट निकासा भएको सबै नि:शर्त, सशर्त, पूँजिगत तथा चालू अनुदान रकमलाई जनाउछ।***

### ४.३ मापन विधि

मापन तालिका को सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ४.४ पुष्ट्याइको स्रोत

नगरपालिका कोष तथा कार्यसञ्चालन खाताहरू।

## सूचक नं : ५ कर तथा आयस्रोतको अभिलेख

### ५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको परिच्छेद ८ (दफा १३६ देखि १४५) ले नगरपालिकालाई विभिन्न प्रकारका कर, शुल्क, सेवा शुल्क तथा दस्तुर लगाउने अधिकार दिएको छ। (आर्थिक प्रशासन नियमावलीको नियम २१ ले आम्दानीको लेखा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था गरेको छ। साथै सोही नियमको अनुसूची ११ मा आयतर्फको व्यक्तिगत खाताको ढाँचा र अनुसूची १४ मा आन्तरिक स्रोतको लगती असूली विवरणको ढाँचा समेत निर्धारण गरिएको छ।) यस प्रकारका कर, शुल्क, सेवा शुल्क तथा दस्तुर उठाउने प्रयोजनका लागि कर तथा आयस्रोतका अभिलेख व्यवस्थित गरी राखेको हुनुपर्नेछ। यस्तो अभिलेखमा करदाता संख्या, गत आ.व. मा सङ्कलित रकम र सङ्कलन हुन वाँकी रकम उल्लेख हुनुपर्नेछ।

### ५.२ मापन तालिका

| क्र.स. | आय स्रोतको अभिलेखको व्यवस्थापन | छ | छैन |
|---|---|---|---|
| १. | मालपोतको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | | |
| २. | घर जग्गा कर<br>वा एकीकृत सम्पत्ति करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | | |
| ३. | व्यवसाय करको अद्यावधिक अभिलेख व्यवस्थित गरिराखेको | | |

### ५.३ मापन विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने। तर एकिकृत सम्पत्ति कर लागू भएका नगरपालिकाको हकमा दोस्रो र तेस्रो कोठाको "छ" मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ५.४ पुष्ट्याइका स्रोत

गत आ.व.सम्मको कर तथा आयस्रोतका अद्यावधिक अभिलेखहरू।

## सूचक नं : ६ लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट

### ६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १३५ र आर्थिक प्रशासन नियमावली को नियम २०३ बमोजिम गत आ.व. भन्दा अघिल्लो आ.व.को सम्पूर्ण आय व्यय विवरणको अन्तिम लेखापरीक्षण गत आ.व. भित्रमा सम्पन्न गर्नुका साथै बेरुजुको अद्यावधिक लगत आर्थिक प्रशासन नियमावलीको नियम ३९ अनुसूची ७५ को ढाँचामा राखेको र बेरुजु फछ्र्यौटको कारवाही गरेको हुनुपर्छ।

### ६.२ मापन तालिका

| क्र.सं. | लेखापरीक्षण तथा बेरुजु फछ्र्यौट अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व. भन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण गत आ.व. भित्र सम्पन्न गरेको | | |
| २ | लेखापरीक्षण प्रतिवेदन उपर नगर परिषद्मा छलफल भइ निर्णय भएको | | |
| ३ | गत आ.व. भन्दा अघिल्लो आ.व. सम्मको वेरुजुको अद्यावधिक अभिलेख आर्थिक प्रशासन नियमावली को अनुसूची ७५ को ढाँचामा राखेको | | |
| ४ | पेश्की तथा बेरुजु फछ्र्यौट सम्बन्धी कारवाही गरेको | | |

***नोट : नगरपरिषद् सम्पन्न हुँदाको अवस्थामा गत आ.व.भन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन प्राप्त भइ नसकेको भए सोभन्दा अघिल्लो आ.व. को लेखापरीक्षण प्रतिवेदन र सो प्रतिवेदन प्रस्तुत भइसकेको भए सो प्रतिवेदनले उल्लेख गरेका बेरूजु तथा बेरूजु फछ्र्यौट सम्वन्धमा भएका प्रगति उपर छलफल गरी निर्णय भएको हुनुपर्नेछ।***

### ६.३ मापन विधि
मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ६.४ पुष्ट्याइको स्रोत
उल्लेखित आ.व.को अन्तिम लेखापरीक्षण प्रतिवेदन, नगर परिषद् बैठकको एजेण्डा र सो उपर नगर परिषद्वाट भएका निर्णयहरू, बेरुजुको अभिलेख तथा बेरुजु तथा पेश्की फछ्र्यौटको कारवाही विवरण ।

## सूचक नं. ७ : सम्पत्ति व्यवस्थापन

### ७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ञ) को उपखण्ड (३) अनुसार ऐलानी तथा सरकारी जग्गाहरूको संरक्षण गर्नुका साथै आर्थिक प्रशासन नियमावलीको परिच्छेद– १० को नियम २१२ बमोजिम जिन्सीको व्यवस्थापन गरी नियम २१४ को उपनियम (१) बमोजिम जिन्सी निरीक्षण गराई उपनियम (२), (३) र (४) बमोजिम प्रतिवेदन प्राप्त गरी उक्त परिच्छेद बमोजिम कारवाही गरेको हुनुपर्छ।

### ७.२ मापन तालिका

| क्र.स. | सम्पत्ति व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १. | गत आ.व. सम्म आफ्नो हक भोगमा रहेको खर्च भएर जाने र खप्ने सामानको छुट्टाछुट्टै जिन्सी किताबमा आम्दानी बाँधी राखेको | | |
| २. | गत आ.व.मा जिन्सी निरीक्षण गरी प्रतिवेदन पेश गरेको | | |
| ३. | सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदनमा निम्न कुराहरू उल्लेख भएको | | |
| | क) जिन्सी किताबमा आम्दानी नबाँधिएका सामानहरू भए सोको विवरण | | |
| | ख) मालसामान संरक्षण र सम्भार व्यवस्थाको अवस्था उल्लेख | | |
| | ग) मर्मत गर्नुपर्ने र लिलाम गर्नुपर्ने भए सो सामानको विवरण | | |
| ४. | प्रतिवेदनमा उल्लेख भएबमोजिम मर्मत सम्भार वा लिलाम बिक्री गर्नुपर्नेमा गरेको र आम्दानी बाँध्न छुट भएको सामान भए आम्दानी बाँधेको | | |
| ५. | सरकारी/सार्वजनिक जग्गगाको अद्यावधिक अभिलेख व्यवस्थित गरी राखेको | | |

### ७.३ मापन विधि
मापन तालिकाको सबै कोठाको “छ” मा (√) मा चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ७.४ पुष्ट्याइको स्रोत

जिन्सी खाताहरू, सरकारी तथा सार्बजनिक जग्गाको अभिलेख, गत आ.व. मा सम्पन्न जिन्सी निरीक्षण प्रतिवेदन र जिन्सी निरीक्षण प्रतिवेदनका आधारमा गत आ.व. मा भएका कारवाही तथा निर्णयहरू।

## सूचक नं. ८ : भवन निर्माण तथा नक्सा पास

### ८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको परिच्छेद ९ को दफा १४९ देखि १६४ सम्मको प्रकृयाहरू समेतका आधारमा दफा १५५ र १५६ बमोजिम नगरक्षेत्र भित्र निर्माण गरिने भवन निर्माण सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको (नक्सा पास गरेको) हुनु पर्दछ।

### ८.२ मापन तालिका

| क्र.स. | नक्सा पास मापदण्ड र कार्यविधि | छ | छैन |
|---|---|---|---|
| १ | भवन निर्माण सम्बन्धी मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | |
| २ | भवन निर्माण तथा नक्सापास सम्बन्धी कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | |

### ८.३ मापन विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ८.४ पुष्ट्याइको स्रोत

नगरपालिकावाट स्वीकृत भवन निर्माण सम्बन्धी मापदण्ड तथा कार्यविधि र गत आ.व. मा भएका नक्सा पास सम्बन्धी काम कारवाही फाइल।

## सूचक नं. ९ : आय-व्यय विवरण र राजस्वका दरहरू सार्वजनिकीकरण

### ९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १२६ को उपदफा (५) बमोजिम गत आ.व. को आय-व्यय विवरण चालु आ.व. को श्रावण मसान्तभित्र तथा चालु आ.व. को राजस्वका दरहरूको जानकारी नगरपरिषद्बाट पारित भएको एक महिनाभित्र सार्वजनिक गरेको हुनुपर्दछ।

### ९.२ मापन तालिका

| क्र.स. | आय व्यय विवरण र राजस्वका दरहरू प्रकाशित गरी सार्वजनिक गरेको | छ | छैन |
|---|---|---|---|
| १. | गत आ.व. को आय व्यय विवरण चालु आ.व. को श्रावण मसान्तभित्र सूचना पाटी र वेभ साइट वा पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | | |
| २. | चालु आ.व.को राजस्वका दरहरूको विवरण नगरपरिषद्ले पारित गरेको एक महिनाभित्र वेभ साइट र पत्रपत्रिका मार्फत सार्वजनिक गरेको | | |

### ९.३ मापन विधि

मापन तालिकाको दुबै कोठाको "छ" मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

### ९.४ पुष्ट्याइको स्रोत

नगरपरिषद्बाट स्वीकृत बजेट किताबको प्रकाशन तथा वितरण गरेको अभिलेख र आय–व्यय तथा कर दस्तुरका दरहरू उल्लेख गरी सार्वजनिक गरिएको पुष्टि हुने अभिलेख।

## सूचक नं. १० : कर्मचारी व्यवस्थापन

### १०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २४९ बमोजिम नगरपालिकाले आफुलाई आवस्यक पर्ने कर्मचारीको दरवन्दी कार्यबोझको आधारमा गर्नुपर्ने कार्यहरूको पूर्ण विवरण तयार गरी नगर परिषदबाट स्वीकृत गराउनु पर्ने छ। कर्मचारी दरबन्दी स्वीकृत गर्दा नगर परिषदले कर्मचारीको लागि चाहिने तलब भत्ता, सञ्चय कोष कट्टी रकम, उपदान तथा निवृत्तभरण आदिको लागि लाग्ने खर्चको व्यवस्था समेत गर्नुपर्नेछ। साथै नियमको २१५ बमोजिम पदपुर्ति समितिले सिफारीस गरेको उमेद्वारलाई नियम २१६ बमोजिम नियुक्त गरेको हुनुपर्ने छ। गत आ.व. मा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यहरू गर्दा यस अनुसार भए नभएको मूल्यांकन गरिनेछ।

### १०.२ मापन तालिका

| क्र.सं. | कर्मचारी व्यवस्थापन | छ | छैन |
|---|---|---|---|
| १ | ऐनको दफा २४९ बमोजिमको प्रक्रिया पूरा गरी परिषदबाट दरबन्दी स्वीकृत भएको | | |
| २ | स्वीकृत दरबन्दीमा प्रशासनिक खर्चको सिमा ननाघ्ने गरी पदपूर्ति समितिको सिफारिशमा नियुक्ति गरेको | | |
| ३ | लोक सेवा आयोगको प्रतिनिधि सहितको उपस्थितिमा पदपूर्ति समितिले पदपूर्ति सम्बन्धी निर्णय गरेको | | |
| ४ | स्वीकृत स्थायी दरबन्दी भन्दा बढि कर्मचारी नियुक्ति नगरेको | | |
| ५ | स्वीकृत स्थायी दरबन्दीमा अस्थायी नियुक्ति नगरेको | | |

**१०.३ मापन विधि**
मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा यो शर्त पूरा हुने।

**१०.४ पुष्ट्याइको स्रोत**

- नगर परिषदको निर्णय।
- दरबन्दी सिर्जना गर्दा अपनाएको प्रक्रिया सम्बन्धी कागजात।
- पदपूर्ति समितिको निर्णय।
- अन्तिम लेखा परिक्षण प्रतिवेदन।
- दरबन्दी र पदपुर्ति विवरण।

# परिच्छेद - ३
# कार्यसम्पादन मापन

## ३.१ कार्य सम्पादन मापनका कार्यक्षेत्र, सूचकहरू र अङ्कभार

कार्य सम्पादन मापनका लागि विभिन्न पाँच वटा कार्य क्षेत्र अन्तर्गत चालीस वटा सूचकहरू राखिएका छन् जसको कूल अङ्क भार सय रहेको छ। नगरपालिकाले प्रत्येक कार्यक्षेत्रमा तोकिए बमोजिम न्यूनतम अङ्क प्राप्त गर्नुपर्नेछ। प्रत्येक कार्य क्षेत्र अन्तर्गतका सूचकहरूको संख्या, अङ्क भार तथा प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क देहाय बमोजिम रहेका छन् :–

| क्रम संख्या | कार्य क्षेत्र | सूचक संख्या | अङ्क भार | न्यूनतम प्राप्तांक |
|---|---|---|---|---|
| १ | स्थानीय शासन | ८ | २० | ८ |
| २ | वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन | ११ | २८ | ११ |
| ३ | योजना तथा कार्यक्रम व्यवस्थापन | ८ | २० | ८ |
| ४ | संगठन तथा जनशक्ति विकास | ५ | १० | ४ |
| ५ | शहरी आधारभूत सेवा व्यवस्थापन | ८ | २२ | ९ |
| | **जम्मा** | ४० | १०० | ४० |

## ३.२ कार्य सम्पादन मापनका सूचकहरूको व्याख्या र मापन विधि

कार्यसम्पादनका हरेक सूचकलाई तिनको महत्व अनुसार ४ र २ अङ्क प्रदान गरिएको छ। निर्धारित अङ्क मध्ये कति काम गरेमा कति अङ्क पाउने भन्ने स्पष्ट व्यवस्था गरिएको छ। न्यूनतम शर्त पूरा गरी हरेक कार्यक्षेत्रमा माथि उल्लेख भए बमोजिम निम्नानुसार न्यूनतम अङ्क हासिल गरेको हुनुपर्नेछ। सोही अङ्कको आधारमा नगरपालिकाको कार्यसम्पादनस्तर निर्धारण हुनेछ।

## कार्य क्षेत्र समूह नं. १ : स्थानीय शासन

| सूचक नं. | सूचकको नाम | अङ्क | समूहको कूल अङ्क | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| १ | सहभागितात्मक नगर योजना तर्जुमा | ४ | २० | ८ |
| २ | लक्षित समूह विकास कार्यक्रममा विनियोजन | २ | | |
| ३ | लक्षित समूह विकास कार्यक्रममा खर्च | २ | | |
| ४ | बाल विकास तथा संरक्षण | २ | | |
| ५ | सूचना व्यवस्थापन | ४ | | |
| ६ | सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन | २ | | |
| ७ | मासिक तथा वार्षिक भौतिक एवम वित्तीय प्रगति विवरण | २ | | |
| ८ | सार्वजनिक सुनुवाइ | २ | | |

## सूचक नं. १ सहभागितात्मक नगर योजना तर्जुमा

### १.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १११ तथा ११४ र नियमावलीको नियम १३६ बमोजिम सहभागितात्मक योजना तर्जुमाको प्रक्रिया अवलम्बन गरेको हुनुपर्दछ। योजना तर्जुमाका प्रकृयामा स्थानीयस्तरमा क्रियाशिल वडा नागरिक मञ्च/टोल विकास संस्था जस्ता संघ संस्थालाई पनि सहभागी गराउनु पर्नेछ। साथै स्वीकृत वार्षिक कार्यक्रमको पुस्तिका समेत प्रकाशन गरी सवै सरोकारवालाहरू (मन्त्रालय, जिल्ला विकास समिति, वडा समितिहरू, राजनैतिक दलहरू, विषयगत कार्यालयहरू, वडा नागरिक मञ्चहरू, नपा क्षेत्रभित्र कृयाशिल गैससहरू) लाई पठाउनुका साथै स्वीकृत कार्यक्रमहरू वारे नगरवासीहरूलाई जानकारी गराएको हुनुपर्छ।

### १.२ मापन तालिका

| क्र.स. | वार्षिक योजना तर्जुमाका चरणहरूमा स्थानीय समुदायको सहभागिताको स्तर | छ | छैन |
|---|---|---|---|
| १ | सबै वडाहरूलाइ योजना तर्जुमा सम्बन्धी मार्गदर्शन पठाएको। | | |
| २ | सबै वडाहरूमा गरिने वडा भेला सम्वन्धमा स्थानीय रेडियो वा पत्रिकाबाट सूचना जारी गरी जानकारी गराएको | | |
| ३ | स्थानीयस्तरमा क्रियाशिल संघ संस्था समेतको सहभागितामा सवै वडामा वडा भेला गरी सो को उपस्थिति तथा योजना छनौटको निर्णयको माइन्युट तयार गरेको | | |
| ४ | वडा भेलाहरू बााट सिफारिश गरिएका योजनाहरू समेत समावेश गरी नगरपरिषद्बाट वार्षिक योजना स्वीकृत गरेको | | |
| ५ | नगरपरिषद्बाट स्वीकृत वार्षिक कार्यक्रमको विवरण स्वीकृत भएको मितिले एक महिना भित्र वेभ साइट वा रेडियो वा पत्रिकावाट सार्वजनिक गरेको | | |

### १.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा चार, कुनै चार वटा कोठाको "छ" मा (√) चिन्ह लागेमा तीन, चौथो सहित कुनै तिनवटा कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ र सो बमोजिम नभएमा शुन्य अङ्क प्रदान गर्ने।

### १.४ पुष्ट्याइका स्रोत

वडाहरूलाई योजना तर्जुमाको लागि बजेट सीमा र मार्गदर्शन पठाएको पत्र, वडा भेला हुने मिति, स्थान र समय सम्बन्धमा गराएको जानकारी, योजना तर्जुमाको चरणमा भएका छलफलको उपस्थिति तथा निर्णय पुस्तिका, नगरपरिषद्को निर्णय, वार्षिक नगर योजना पुस्तिका तथा सो पुस्तिका सबै सरोकारवालाहरूलाई पठाएको प्रमाण एवम पत्रिका र रेडियोबाट सार्वजनिक गरेको प्रमाण।

## सूचक नं. २ : लक्षित समूह विकास कार्यक्रममा विनियोजन

### २.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

योजना तर्जुमा गर्दा लैङ्गिक समता र सामाजिक समावेशीकरण नीति बमोजिम आर्थिक तथा सामाजिक रुपमा पछाडि परेका समुदायको उत्थानका लागि नगरपालिका अनुदान सम्बन्धी कार्यविधिले लक्षित गरे वमोजिम नगरपालिकाको कोषको सशर्त अनुदान बाहेकको कुल पूँजिगत बजेटवाट समपूरक कोषको रकम छुट्याई बाँकी हुन आउने रकमबाट लक्षित समूहलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रम/आयोजनाहरूमा देहाय बमोजिमको बजेट विनियोजन गर्नुपर्नेछ :

(क) सबै जातजातिका विपन्न वर्गका महिलाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ख) सबै जातजातिका विपन्न वर्गका बालबालिकाहरूलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम/आयोजनाका लागि न्यूनतम दश प्रतिशत,

(ग) सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवं सामाजिक रुपमा पिछडिएका वर्ग (ज्येष्ठ नागरिक, दलित, आदिवासी/जनजाति, भिन्न क्षमता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडावर्ग) एवं क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवं समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम/आयोजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत,

***नोट : अनुदान सम्बन्धी कार्यविधिमा संशोधन भई माथि उल्लेखित लक्षित समूहका लागि गर्नुपर्ने विनियोजन सम्बन्धी व्यवस्था परिवर्तन भएमा सोही बमोजिम हुनेछ।***

### २.२ मापन तालिका

| क्र.स. | चालु आ.व.का लागि न.पा.कोषको कूल पूजिगत बजेटबाट गरेको विनियोजन | छ | छैन |
|---|---|---|---|
| १ | विपन्न वर्गका महिलाहरूलाइ प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि न्यूनतम दश प्रतिशत बजेट विनियोजन गरी परिषद्वाट आयोजना/कार्यक्रम समेत स्वीकृत भएको | | |
| २ | विपन्न वर्गका बालबालिकहरूलाई प्रत्यक्ष फाइदा पुग्ने कार्यक्रमका लागि न्यूनतम दश प्रतिशत बजेट विनियोजन गरी परिषद्वाट आयोजना/कार्यक्रम समेत स्वीकृत भएको | | |
| ३ | सबै जातजातिका आर्थिक रुपमा विपन्न तथा आर्थिक एवम् सामाजिक रुपमा पिछडिएका वर्ग एवम् क्षेत्र तथा नेपाल सरकारले सूचना प्रकाशित गरी लक्षित समूह भनी तोकिएका वर्ग एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने कार्यक्रम वा आयोजनाका लागि न्यूनतम पन्ध्र प्रतिशत विनियोजन गरी परिषद्वाट आयोजना/कार्यक्रम समेत स्वीकृत भएको | | |

### २.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुई, कुनै दुईवटा कोठाको “छ” मा (√) चिन्ह लागेमा एक र अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### २.४ पुष्ट्याइका स्रोत

नगरपालिकाको बार्षिक योजना पुस्तिका, नगरपालिकाको कूल पूँजिगत बजेट, लक्षित वर्गको उत्थानका कार्यक्रममा चालु आ.व. का लागि गरिएको विनियोजन।

## सूचक नं. ३ : लक्षित समूह विकास कार्यक्रममा खर्च

### ३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नगरपालिका अनुदान सञ्चालन कार्यविधि अनुसार लक्षित समूह विकास कार्यक्रमका लागि विनियोजन गरिए वमोजिमको रकम गत आ.व. मा खर्च गरेको हुनुपर्नेछ।

### ३.२ मापन तालिका

| क्र.स. | गत आ. व.मा लक्षित वर्गमा गरेको खर्चको अवस्था | छ |
|---|---|---|
| १ | तीनवटै लक्षित समूहका लागि स्वीकृत आयोजना/कार्यक्रममा विनियोजित बजेटको असी प्रतिशत वा सो भन्दा वढी खर्च गरेको | |
| २ | तीनवटै लक्षित समूहका लागि स्वीकृत आयोजना/कार्यक्रममा विनियोजित बजेटको साठी देखि असी प्रतिशत सम्म रकम खर्च गरेको | |

### ३.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ, दोस्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा एक र अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### ३.४ पुष्ट्याइका स्रोत

गत आ.व. को वार्षिक कार्यक्रम पुस्तिका, गत आ.व. को वार्षिक प्रगति प्रतिवेदन, गत आ.व. को विनियोजन तथा खर्च सम्बन्धी अभिलेख आदि।

## सूचक नं. ४ बाल विकास तथा संरक्षण

### ४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को विभिन्न उपदफाहरूमा उल्लेख भए बमोजिम बाल विकास तथा संरक्षण सम्बन्धी कार्यहरू गर्नुपर्ने हुन्छ। बालबालिकाको बचाउ, संरक्षण तथा विकासका लागि नेपाल सरकारले विभिन्न अन्तर्राष्ट्रिय अभिसन्धीहरूमा हस्ताक्षर गर्नुका साथै बालबालिका सम्बन्धी ऐन, नियम तथा नीति समेत तर्जुमा गरी लागू गरेको छ। उल्लेखित ऐन, नियम, नीति अनुसार तोकिएका कार्यहरूको राम्ररी व्यवस्थापन गर्न कार्ययोजना, कार्यविधि, कार्यसंयन्त्र र स्रोत साधनको आवश्यक प्रबन्ध गरी सेवा प्रवाह गर्नुपर्ने हुन्छ।

### ४.२ मापन तालिका

| क्र.स. | बाल विकास तथा संरक्षणको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | बाल शिक्षा/बाल विकास केन्द्र सञ्चालनका लागि वजेट विनियोजन गरी खर्च गरेको | | |
| २ | असहाय अनाथ तथा अपाङ्ग बालबालिकाको अभिलेख राखेको | | |
| ३ | बाल श्रम निवारण सम्बन्धी कार्यहरू गरेको | | |
| ४ | बाल मैत्री स्थानीय शासन पद्धति अवलम्वन गरेको | | |

### ४.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा २, कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा १ र अन्य अवस्थामा ० अङ्क प्रदान गर्ने।

### ४.४ पुष्ट्याइका स्रोतहरू

बार्षिक बजेट र कार्यक्रम पुस्तिका, सँगठन विकास सम्बन्धी प्रतिवेदन, कार्यविधि र कार्ययोजनाका दस्तावेजहरू, कर्मचारीहरूलाई प्रदान गरिएका कार्यविवरणहरू।

## सूचक नं. ५ सूचना व्यवस्थापन

### ५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ६,७ र ८ तथा सूचनाको हक सम्वन्धी नियमावली २०६५ को नियम ४ बमोजिम सूचना प्रवाह गर्ने व्यवस्था गर्नुपर्ने हुन्छ। सो प्रयोजनका लागि सूचना व्यवस्थापन सम्बन्धी देहाय बमोजिमका कार्यहरू गर्नुपर्ने हुन्छ :–

(क) सूचना केन्द्रको स्थापना गरी सूचना सङ्कलन, भण्डारण, विश्लेषण र प्रवाह सम्बन्धी कार्यको व्यवस्थापन गर्नु पर्ने र सूचना केन्द्रमा निम्नलिखित सूचनाहरू अनिवार्य रुपमा राख्नु पर्ने :–

- नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकाहरू,
- विषय क्षेत्रगत योजनाहरू,
- अन्तिम लेखापरीक्षण प्रतिवेदन,
- नगरपालिकाको निर्णयहरू।

(ख) विद्युतीय संचार माध्यमका साथै ब्रोसर र बुलेटिन आदि मार्फत सूचनाहरू प्रकाशन तथा प्रशारण गर्नुपर्ने।

(ग) नगरक्षेत्रको आधारभूत सूचनाका लागि जनसंख्याको लगत र वैज्ञानिक घर नम्बरिङ्ग प्रणाली लागु गर्नुपर्ने।

(घ) GIS अध्यावधिक गर्ने प्रणालीको विकास गर्नुपर्ने ।

(ङ) वेभसाइट सञ्चालन गरी देहायका सूचनाहरू राख्नुपर्नेछ :–

- आवधिक तथा वार्षिक योजनाहरू,
- वार्षिक कार्यक्रम तथा बजेट,
- सबै प्रकारका आम्दानी तथा खर्च र भौतिक विकासका चौमासिक र वार्षिक प्रगति विवरणहरू,
- आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनहरू,
- नगरको वस्तुस्थिति झल्कने विभिन्न वस्तुगत सूचनाहरू,
- नगरपालिका र नगरपरिषद्का सम्पूर्ण निर्णयहरू,
- कार्यालयको सँगठन संरचना, शाखागत जिम्मेवारी, सबै कर्मचारीको नाम नामेसी र कार्य विवरण,
- नगरपालिका/नगरपरिषद्बाट पारित विनियम, कार्यविधि र निर्देशिका आदि,
- विकास साझेदार संस्थाहरूको विवरण,
- अनुगमन तथा मूल्याङ्कनका प्रतिवेदनहरू,
- सेवा प्रवाहसँग सम्बन्धित निवेदनको ढाँचा तथा फारामहरू,
- नागरिक बडापत्र,
- नगरपालिकाले आवश्यक ठानेका अन्य विवरणहरू।

### ५.२ मापन तालिका

| क्र.स. | सूचना व्यवस्थापन सम्बन्धी कार्यहरू | छ | छैन |
|---|---|---|---|
| १ | सूचना केन्द्र वा इकाईको स्थापना भएको | | |
| २ | वेभ साइट (Web Site) सञ्चालन गरी सो मार्फत आधारभूत सूचनाहरू सार्वजनिक गरेको | | |
| ३ | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ६ बमोजिम सूचना उपलब्ध गराउन सूचना अधिकारी तोकेको | | |
| ४ | सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ बमोजिम सूचना सूचिकृत गरी प्रकाशन गरेको | | |
| ५ | भौगोलिक सूचना प्रणाली (GIS) प्रयोगमा ल्याएको | | |
| ६ | प्रत्येक महिना आय व्यय विवरण सार्वजनिक गरेको | | |

### ५.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा चार अङ्क, कुनै चार वटा कोठाको “छ” मा (√) चिन्ह लागेमा तीन अङ्क, कुनै तीनवटा कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### ५.४ पुष्ट्याइका स्रोत

सूचना ईकाइ वा केन्द्रको अवस्था, सूचना केन्द्रका अभिलेखहरू, नगरपालिकाका प्रकाशनहरू (Town Profile, ब्रोसर, बुलेटिन आदि), सूचना व्यवस्थापनमा भएको खर्च सम्बन्धी आर्थिक प्रशासन शाखाको अभिलेख, सूचनाको हक सम्बन्धी कानून बमोजिम सूचना प्रवाह गर्ने पद्धति, घर नम्बरिङ्ग प्रणालीको कार्य प्रगति, वेभ साइटको व्यवस्थापन तथा GIS को अवस्था।

## सूचक नं. ६ सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन

### ६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६५ बमोजिम नगरक्षेत्रमा सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन गर्नुपर्छ। सो अनुसार नेपाल सरकारबाट प्रदान गरिएको सामाजिक सुरक्षा अन्तर्गतको बजेट वितरण गरिएका लाभान्वित समूहको विवरण व्यवस्थित गरी सम्बन्धित निकायमा प्रतिवेदन समेत पठाएको हुनुपर्छ।

### ६.२ मापन तालिका

| क्र.स. | सामाजिक सुरक्षा कार्यक्रम कार्यान्वयन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व. मा लक्षित समूह अनुसार भत्ता वा वृत्ति प्राप्त गर्ने व्यक्तिहरूको विवरण गत आ.व. को पहिलो चौमासिक भित्र वुलेटिन/पुस्तिका मार्फत सार्वजनिक गरेको | | |
| २ | भत्ता वा वृत्ति पाईरहेका लक्षित व्यक्तिहरू मध्ये मृत्यु भएका वा बसाई सरी गएका व्यक्तिहरूको लगत कट्टा गरेको | | |
| ३ | चालु आ.व.मा भत्ता वा वृत्ति प्रदान गर्नुपर्ने नागरिकको निम्न बमोजिमको विवरण जिविसमा गत आ.व. को पौष मसान्तभित्र पठाएको :–<br>(क) जेष्ठ नागरिक संख्या :<br>दलित बाहेक<br>दलित मात्र<br>(ख) एकल महिला संख्या<br>(ग) आंसिक असक्त अपाङ्ग संख्या<br>(घ) पूर्ण असक्त अपाङ्ग संख्या<br>(ङ) लोपोन्मुख आदिबासी जनजाती संख्या | | |
| ४ | सामाजिक सुरक्षा भत्ता वापतको पेश्की जिविसवाट लिएको मितिले ३५ दिन भित्रै फछ्र्यौट गरेको | | |

### ६.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तिन कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ६.४ पुष्ट्याइका स्रोत

भत्ता वा बृत्ति प्राप्त गरेका व्यक्तिहरूको नामावली पुस्तिका, वितरण गरेको भरपाई, नागरिक बडापत्र, वुलेटिन, सार्वजनिक सुनुवाईको अभिलेखहरू, जिविसमा पेश गरेको प्रतिवेदन आदि।

## सूचक नं. ७ मासिक तथा वार्षिक भौतिक एवम वित्तीय प्रगति विवरण

### ७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम १९६ बमोजिम आय तथा व्ययको फाँटवारी, फछ्र्यौट हुन बाँकी पेश्कीको मास्केवारी, बैंक हिसाबको विवरण, बैदेशिक सहायतातर्फ वस्तुगत सहायता रकमको फाँटवारी, सोधभर्ना हुने रकमको विवरण पठाएको हुनुपर्छ। त्यसै गरी आर्थिक वर्ष समाप्त भएको पैतिस दिनभित्र सोही नियमावलीको अनुसूची २५ वमोजिम वार्षिक आर्थिक विवरण र अनुसूची २७ वमोजिमको वार्षिक आय व्यय विवरण मन्त्रालयमा पठाउनु पर्छ। नगरपालिका अनुदान सम्वन्धी कार्यविधि अनुसार हरेक महिनाको सात गते भित्र तोकिएको ढाँचामा मासिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पठाउनुपर्दछ।

### ७.२ मापन तालिका

| क्र.स. | मासिक तथा वार्षिक विवरण पठाएको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | तोकिएको ढाँचामा सबै महिनाको मासिक भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन पछिल्लो महिनाको सात गते भित्र मन्त्रालयमा पठाएको | | |
| २ | वार्षिक आर्थिक विवरण र वार्षिक आयव्यय विवरण गत आ.व. समाप्त भएको पैतीस दिन भित्र मन्त्रालयमा पठाएको | | |

### ७.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको दुवै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ, कुनै एक कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने र अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### ७.४ पुष्ट्याइका स्रोत

नगरपालिकाले स्थानीय विकास मन्त्रालय, कोष तथा लेखा नियन्त्रक कार्यालय र तोकिएका अन्य निकायहरूमा मासिक तथा वार्षिक वित्तीय प्रगति प्रतिवेदनहरू पठाएको पत्र एवं कार्यालय प्रति।

## सूचक नं. ८ ः सार्वजनिक सुनुवाई

### ८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन २०६४, तत्सम्बन्धी नियमावली २०६५ र सार्वजनिक सुनुवाई सम्बन्धी कार्यविधि अनुसार नगरपालिकाले सम्पादन गरेका कार्यक्रमहरू तथा सेवा प्रवाह बारे नियमित रुपमा सार्वजनिक सुनुवाई गरेको हुनुपर्दछ। यस्तो सुनुवाई गर्दा सरोकारवालाहरूको सहभागिता हुनुपर्ने, महिला दलित र पछि परेका समुदायको उचित प्रतिनिधित्व हुनुपर्ने र सहभागीहरूलाई लागेका कुरा बोल्न दिइएको हुनुपर्छ। सार्वजनिक सुनुवाई सम्पन्न गरेपछि नपा बोर्ड समक्ष प्रतिवेदन पेश गर्नुपर्छ।

### ८.२ मापन तालिका

| क्र.स. | सार्वजनिक सुनुवाई गरेको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | हरेक चौमासिकमा एक पटक पर्ने गरी कम्तीमा तीन वटा सार्वजनिक सुनुवाई गरेको | | |
| २ | कुनै दुई चौमासिकमा मात्र सार्वजनिक सुनुवाई गरेको | | |
| ३ | प्रत्येक सार्वजनिक सुनुवाईको प्रतिवेदन तयार भएको | | |
| ४ | प्रत्येक सार्वजनिक सुनुवाईको प्रतिवेदन उपर नपा बोर्ड बैठकमा छलफल तथा निर्णय भएको | | |

### ८.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो, तेश्रो र चौथो कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोश्रो, तेश्रो र चौथो कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ८.४ पुष्ट्याइका स्रोत

नगरपालिकाले गत आ.व. मा गरेका सार्वजनिक सुनुवाईका प्रतिवेदन तथा त्यस सम्बन्धमा नगरपालिकाबाट भएका निर्णयहरू।

## कार्यक्षेत्र समूह नं. २ : वित्तीय स्रोत परिचालन तथा व्यवस्थापन

| सूचक नं. | सूचकको नाम | अङ्क | समूहको कूल अङ्क | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| ९ | राजस्व संभाव्यता अध्ययन र प्रक्षेपण | २ | २८ | ११ |
| १० | आयव्ययको यथार्थता | ४ | | |
| ११ | राजस्व प्रशासन व्यवस्थापन | ४ | | |
| १२ | एकिकृत सम्पत्ति कर | २ | | |
| १३ | सार्वजनिक निजी क्षेत्र साझेदारी | २ | | |
| १४ | प्रशासनिक खर्चको सीमा पालना | २ | | |
| १५ | प्रोद्भावी लेखा प्रणाली (Accrual Accounting System) | २ | | |
| १६ | धरौटी खाताको अवस्था | २ | | |
| १७ | आर्थिक कारोवारको गुणस्तर | २ | | |
| १८ | आर्थिक सहायताको सीमा पालना | २ | | |
| १९ | स्थानीय स्रोत परिचालन | ४ | | |

## सूचक नं. ९ : राजस्व सम्भाव्यता अध्ययन र प्रक्षेपण

### ९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम ११८क वमोजिम नगरस्तरीय राजस्व परामर्श समितिलाई क्रियाशिल गराउनुका साथै राजस्व सम्भाव्यता अध्ययन गरी आर्थिक प्रशासन नियमाबलीको नियम १६७ (४-क) बमोजिम राजस्व परिचालन कार्ययोजना सहितको बार्षिक राजस्वको प्रक्षेपण गरेको हुनुपर्नेछ।

### ९.२ मापन तालिका

| क्र.स. | राजस्व संभाव्यता अध्ययन तथा राजस्वको प्रक्षेपणको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | नगरस्तरीय राजस्व परामर्श समितिको बैठक बसेको | | |
| २ | चालु आ.व. समेत समेटिने गरी भएको राजस्व सम्भाव्यता अध्ययन प्रतिवेदन परिषद्वाट स्वीकृत भएको | | |
| ३ | गत वर्ष चालु आ.व.का निमित्त राजस्व संभाव्यता अध्ययनका आधारमा राजस्व प्रक्षेपण गरिएको | | |
| ४ | चालु आ.व. को बजेट तर्जुमा राजस्व प्रक्षेपणका आधारमा गरिएको | | |

***नोट : यस प्रयोजनका लागि "आन्तरिक आय" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७ को स्पष्टीकरणमा उल्लेख भएबमोजिम नेपाल सरकारबाट प्राप्त हुने अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकम तथा अन्य बिशेष प्रकृतिको अनुदान बाहेक नगरपालिकाले आफूलाई अधिकार प्राप्त स्रोतको उपयोग गरी सङ्कलन गरेको आय सम्झनु पर्छ।***

### ९.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क, कुनै तीन कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ९.४ पुष्ट्याइका स्रोत
राजस्व परामर्श समितिको बैठकको माइन्यूट, नगरपालिकाको राजश्व सम्भाव्यता अध्ययन प्रतिवेदन, राजस्व प्रक्षेपण प्रतिवेदन तथा नगर परिषद्को आयव्यय र बजेट विनियोजन, गत आ.व. र सो भन्दा अघिल्लो आ.व. को राजस्वको आर्थिक विवरण आदि।

## सूचक नं. १० : आय व्ययको यथार्थता

### १०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा १३० को उपदफा (२) बमोजिम  तयार गरिने बजेट अनुमान यथार्थपरक हुनुपर्छ।

### १०.२ मापन तालिका

| क्र.स. | गत आ.व. का लागि स्वीकृत आयव्यय अनुमान र यथार्थ स्थिति | छ | छैन |
|---|---|---|---|
| १ | अनुमानित कुल आन्तरिक आयको तुलनामा असी प्रतिशत देखि एक सय बीस प्रतिशत सम्म आय सङ्कलन भएको | | |
| २ | अनुमानित कुल व्ययको तुलनामा नव्बे प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | |
| ३ | कुल विनियोजित पूँजीगत तथा कार्यक्रम बजेटको ८० प्रतिशत वा सो भन्दा बढी खर्च भएको | | |

### १०.३ अङ्क प्रदान गर्ने विधि
विश्लेषण तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा चार अङ्क प्रदान गर्ने, कुनै दुई  कोठाको "छ" मा (√) चिन्ह लागेमा तीन अङ्क, कुनै एक कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १०.४ पुष्ट्याइका स्रोतहरू
गत आर्थिक बर्षको नगरपालिकाको आय व्ययको अनुमान र उक्त आर्थिक बर्षको यथार्थ आयव्ययको आर्थिक विवरण, नगर परिषद्बाट स्वीकृत बजेट तथा कार्यक्रम पुस्तिका, राजस्व प्रक्षेपण दस्तावेज।

## सूचक नं. ११ : राजस्व प्रशासनको व्यवस्थापन

### ११.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको परिच्छेद– ८ (दफा १३६ – १४५) ले नगरपालिकालाई विभिन्न प्रकारका कर, शुल्क, सेवा शुल्क तथा दस्तुर लगाउने अधिकार दिएको छ। यस प्रकारका कर, शुल्क, सेवा शुल्क तथा दस्तुर उठाउने प्रयोजनका लागि कर तथा आयस्रोतका अभिलेख व्यवस्थित गरी राखेको हुनुपर्नेछ। यस्तो अभिलेखमा करदाता संख्या, गत आ.व. मा सङ्कलित रकम र सङ्कलन हुन बाँकी रकम उल्लेख हुनुपर्नेछ। आय सङ्कलन कार्य पारदर्शी, सरल र छिटो छरितो रुपमा सम्पादन गर्ने व्यवस्था मिलाई कर सङ्कलन कार्य गुणस्तरीय ढङ्गले सम्पादन गरेको हुनुपर्दछ।

### ११.२ मापन तालिका

| क्र.स. | कर संकलन कार्यको प्रभावकारीताको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | न्यूनतम शर्त को सूचक नं. ५ मा उल्लेखित कर तथा राजश्वको अतिरिक्त सवारी साधन अभिलेख, मनोरञ्जन कर, बहाल कर, बिज्ञापन करको अभिलेख व्यवस्थित गरी राखेको | | |
| २ | कर, दस्तुर, सेवा शुल्कको दररेट सम्बन्धी अद्यावधिक विवरण करदाताले सजिलै देख्न र बुझ्न सक्ने गरी कर शाखामा राखिएको | | |
| ३ | कर सम्बन्धी सूचना र फारमहरू निशुल्क रुपमा उपलब्ध गराएको | | |
| ४ | राजस्व प्रणाली (एकिकृत सम्पति कर वा घर जग्गा कर, व्यवसाय कर, आय लेखा लगायत नपामा प्राप्त हुने सबै आयका स्रोत) लाई कम्प्युटरकृत गरेको | | |
| ५ | करदाता शिक्षा कार्यक्रम सञ्चालन गरेको | | |

***नोटः : नगरपालिकालाई आम्दानी प्राप्त नहुने स्रोतको अभिलेख मुल्याङ्कनका लागि आवश्यक पर्नेछैन।***

### ११.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा चार अङ्क, कुनै चार कोठाको “छ” मा (√) चिन्ह लागेमा तीन अङ्क, कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा दुई अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ११.४ पुष्ट्याइका स्रोत

आयस्रोतका अभिलेख, कर सम्वन्धी सूचना तथा फारमहरू, बिलिङ प्रणाली, नागरिक बडापत्र, करदाता शिक्षा कार्यक्रमको विवरण, गत आ.व. को वार्षिक कार्यक्रम, करदातासँग अन्तर संबाद, सार्वजनिक सुनुवाईको अभिलेखहरू आदि।

## सूचक नं. १२ : एकिकृत सम्पति कर

### १२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १४० र नियमाबलीको नियम १४४ ले एकीकृत सम्पत्तिकर लगाउन सक्ने अधिकार दिएको छ। स्थानीय करको महत्वपूर्ण आधार सम्पत्तिमा आधारित कर भएकोले एकीकृत सम्पत्ति करलाई वैज्ञानिक मानिएको हुँदा नगरपालिकाले एकिकृत सम्पति कर लगाइ आय वृद्धि गर्नुपर्ने हुन्छ ।

### १२.२ मापन तालिका

| क्र.स. | एकिकृत सम्पति कर व्यवस्था | छ | नैछ |
|---|---|---|---|
| १ | एकीकृत सम्पत्ति कर लागू गरेको | | |
| २ | एकीकृत सम्पति करवाट गत भन्दा अघिल्लो आ.व. भन्दा गत आ.व. मा आम्दानी बढाएको | | |

### १२.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको दुबै कोठाको "छ" मा (√) चिन्ह लागेमा २ अङ्क प्रदान गर्ने, पहिलो कोठामा मात्र "छ" मा (√) चिन्ह लागेमा १ अङ्क प्रदान गर्ने, अन्यथा ० अङ्क प्रदान गर्ने।

### १२.४ पुष्ट्याइका स्रोत

एकिकृत सम्पत्ति कर सम्बन्धी कार्यविधि, नगरपालिकाको कर प्रणाली, नगर परिषद्को निर्णय र आर्थिक विवरणहरू।

## सूचक नं. १३ सार्वजनिक निजी क्षेत्र साझेदारी

### १३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम २७३ क ले सार्वजनिक निजी क्षेत्र साझेदारी (Public Private Partnership) प्रणालीलाई प्रोत्साहन र व्यवस्थित गर्न सार्वजनिक निजी क्षेत्र साझेदारी प्रवर्द्धन समितिको व्यवस्था गरेको छ। आर्थिक प्रशासन नियमावलीको नियम १५७ बमोजिम आन्तरिक आय सङ्कलन सम्बन्धी कार्य समेत सार्वजनिक निजी साझेदारीबाट गराउन सकिने व्यवस्था रहेको छ। यसरी साझेदारी गर्दा मन्त्रालयबाट स्वीकृत सार्वजनिक निजी साझेदारी नीति, २०६० एवं सार्वजनिक निजी साझेदारी कार्यविधि (स्थानीय निकायको लागि), २०६१ बमोजिम गर्नु गराउनु पर्नेछ। सार्वजनिक निजी क्षेत्र साझेदारी गर्दा निजी क्षेत्रका संस्थाहरूसँग गर्नुपर्नेछ। यस्तो साझेदारी सम्बन्धित संस्थाको व्यवसायिक सामाजिक जिम्मेवारी (Corporate Social Responsibility) भन्दा भिन्न प्रकृतिको (लाभ, लागत र जोखिममा साझेदारी हुने गरी) हुनुपर्छ।

### १३.२ मापन तालिका

| क्र.स. | सार्वजनिक निजी साझेदारी गरेको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सार्वजनिक निजी क्षेत्र प्रवर्द्धन समिति गठन भइ कृयाशिल रहेको | | |
| २ | सार्वजनिक निजी साझेदारी गरेको | | |
| ३ | सार्वजनिक निजी साझेदारीबाट नगरपालिकाको आन्तरिक आय बढेको वा दायित्व घटेको | | |

### १३.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोस्रो कोष्ठ सहित कुनै दुइ कोठाको “छ” मा (√) लागेमा एक अङ्क प्रदान गर्ने र अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### १३.४ पुष्ट्याइका स्रोत

सार्वजनिक नीजी क्षेत्र साझेदारी सम्बन्धी निर्णयहरू, सार्वजनिक निजी क्षेत्र प्रवर्द्धन समितिको वैठकका निर्णय तथा साझेदारी सम्बन्धी समझदारी र सम्झौताहरू एवं तिनका कार्यान्वयनको अवस्था, आन्तरिक आय सम्बन्धी प्रतिवेदन।

## सूचक नं. १४ : प्रशासनिक खर्चको सीमा पालना

### १४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम ३४ अनुसार स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैयाँसम्म आन्तरिक आम्दानी हुने नगरपालिकाले अधिकतम साठी प्रतिशत, पच्चिस देखि पचास लाख रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम चालीश प्रतिशत, पचास लाख देखि एक करोड रुपैयाँसम्म आम्दानी हुने नगरपालिकाले अधिकतम तीस प्रतिशत र एक करोड रुपैयाँ भन्दा बढी आम्दानी हुने नगरपालिकाले पच्चीस प्रतिशत भन्दा बढी रकम प्रशासनिक कार्यका लागि खर्च गर्न पाइने छैन।

### १४.२ मापन तालिका

| क्र.स. | प्रशासनिक खर्चको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व.मा सङ्कलित वास्तविक आन्तरिक आयको परिधिभित्र रही प्रशासनिक खर्च गरेको अर्थात प्रशासनिक खर्च नियमको सीमा भित्र रहेको। | | |

### १४.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १४.४ पुष्ट्याइका स्रोत

आन्तरिक आय र प्रशासनिक खर्च देखिने बार्षिक आर्थिक विवरण र आर्थिक कारोवारको स्रेस्ताहरू।

## सूचक नं. १५ : प्रोद्‌भावी लेखा प्रणाली (Accrual Accounting System)

### १५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमाबलीको नियम १९ को उपनियम (१) र (३) बमोजिम नगरपालिकाको लेखा प्रोद्‌भावी (Accrual) लेखा प्रणाली अनुसार राख्नुपर्नेछ।

### १५.२ मापन तालिका

| क्र.स. | प्रोद्‌भावी (Accural) लेखा प्रणालीको कार्यान्वयन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | प्रोद्‌भावी लेखा प्रणालीमा जाने सम्बन्धमा निर्णय भएको | | |
| २ | प्रोद्‌भावी लेखा प्रणालीसंग तादात्म्यता हुने गरी चार्ट्स अफ एकाउण्ट्स (Charts of Accounts) तयार पारी प्रयोगमा ल्याएको | | |
| ३ | नगरपालिकाको सबै सम्पत्ति विवरण र दायित्व खुलेको शुरु मौज्दात (Opening Balance) तयार पारिएको | | |

### १५.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुई अङ्क प्रदान गर्ने, पहिलो सहित कुनै दुई कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १५.४ पुष्ट्याइका स्रोत

आर्थिक कारोवारको स्रेस्ताहरू र निर्णय पुस्तिका।

## सूचक नं. १६ : धरौटी खाताको अवस्था

### १६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमाबलीको परिच्छेद ७ मा धरौटी सम्बन्धी व्यवस्था रहेको छ। नियम १७७ बमोजिम धरौटी फिर्ता दिने र फिर्ता लिन नआएको रकम नियम १७८ बमोजिम न.पा. कोषमा आम्दानी गर्नु पर्ने तथा नियम १८० बमोजिम धरौटी रकम अन्य प्रयोजनको निमित्त खर्च गर्न पाइने छैन।

### १६.२ मापन तालिका

| क्र.स. | धरौटी खाता सञ्चालन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | धरौटी खाताको रकम अन्य प्रयोजनमा खर्च नगरेको | | |
| २ | फिर्ता गर्नुपर्ने धरौटी खाताको रकम नियमानुसार फिर्ता गरेको | | |
| ३ | म्यादभित्र फिर्ता नभएको धरौटी रकमको विवरण खुल्ने गरी अभिलेख राखेको | | |
| ४ | प्रयोजन समाप्त भइ फिर्ता नभएको धरौटी रकम न.पा. कोषमा आम्दानी बांधेको | | |

### १६.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, पहिलो सहित कुनै तिन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १६.४ पुष्ट्याइका स्रोत

आर्थिक कारोवारको स्रेस्ताहरू र धरौटी खाता तथा धरौटीको फाँटवारी।

## सूचक नं. १७ : आर्थिक कारोवारको गुणस्तर

### १७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक कारोवार गर्दा आर्थिक प्रशासन नियमावलीको नियम २४ र २५ तथा अन्य व्यवस्था समेत पालना गरी वेरुजु नहुने गरी गर्नु पर्दछ। आर्थिक कारोवारको अन्तिम लेखापरीक्षण प्रतिवेदनबाट औंल्याएको बेरुजु, आर्थिक प्रशासन नियमावलीको परिच्छेद– ९ तथा नियम २०६ बमोजिम फछ्र्यौट गर्नु पर्दछ। पेश्की फछ्र्यौट र गत विगतको बेरुजुमा कार्वाही गरी सम्परीक्षण गरेको हुनुपर्छ ।

### १७.२ मापन तालिका

| क्र.स. | आर्थिक कारोवारको गुणस्तर | छ | छैन |
|---|---|---|---|
| १ | गत आ.व.भन्दा अघिल्लो आ.व.को अन्तिम लेखापरीक्षण प्रतिबेदनमा कूल आर्थिक कारोवारको दुइ प्रतिशत भन्दा कम बेरुजु औंल्याएको। | | |
| २ | गत आ.व. को अन्त्यमा म्याद नाघेको पेश्की नभएको। | | |
| ३ | गत आ.व.भन्दा अघिल्लो आ.व. को लेखापरिक्षण प्रतिवेदनमा कूल आर्थिक कारोवारको २ देखि ५ प्रतिशतसम्म बेरुजु औंल्याएको। | | |

### १७.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र दोस्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोस्रो र तेस्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १७.४ पुष्ट्याइका स्रोत

गत आ.व. भन्दा अघिल्लो आर्थिक बर्षको आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदन, लेखा समितिको प्रतिवेदन, पेश्की खाता, फछ्र्यौट गर्न बाँकी पेश्कीको मास्केवारी र बेरुजुको अद्यावधिक लगत।

## सूचक नं. १८ ः आर्थिक सहायताको सीमा पालना

### १८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम ३२ अनुसार स्वीकृत बजेटको परिधि भित्र रही ऐन बमोजिम कर शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कूल रकमको बार्षिक अधिकतम एक प्रतिशत वा एक लाख रुपैयामध्ये जुन कम हुन्छ सोही रकमको सीमाभित्र रही आर्थिक सहायतामा खर्च गरेको हुनु पर्दछ। साथै न.पा. कोषको रकमवाट कुनै पनि राजनीतिक दल वा तिनका भातृ तथा भगिनी संस्थाहरूका साथै कर्मचारीसँग सम्वन्धित संघ सँगठनहरूलाई आर्थिक सहयोग/अनुदान प्रदान गर्न पाइने छैन।

### १८.२ मापन तालिका

| क्र.स. | आर्थिक सहायताको सीमा पालना अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | आर्थिक सहायता खर्च नियमको सीमा भित्र रहेको | | |
| २ | राजनीतिक दल वा तिनका भातृ तथा भगिनी संघ संगठनहरूलाइ आर्थिक सहयोग/अनुदान प्रदान नगरेको | | |
| ३ | कर्मचारीसंग सम्वन्धित संघ संगठनहरूलाई आर्थिक सहयोग/अनुदान प्रदान नगरेको | | |

### १८.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको ३ वटै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क, पहिलो सहित दुइ कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### १८.४ पुष्ट्याइका स्रोत
गत आर्थिक वर्षको आर्थिक प्रतिवेदन।

## सूचक नं. १९ : स्थानीय स्रोत परिचालन

### १९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको १३६ देखि १४५ सम्मका दफाले नगरपालिकालाई आफ्नो क्षेत्र भित्रका स्रोतहरू परिचालन गरी विभिन्न प्रकारका कर, शुल्क, सेवा शुल्क, दस्तुर आदि वाट आन्तरिक स्रोत उठाउने अधिकार प्रदान गरेको छ। नगरपालिकाले आफ्नो अधिकार तथा कर्तव्य अनुसार जनताहरूलाई दिनुपर्ने सेवा सुविधाको क्षेत्र वार्षिक रुपमा वृद्धि हुँदै गए अनुसार सो वृद्धिलाई धान्न सक्ने गरी आन्तरिक आय मा वार्षिक रुपमा वृद्धि गर्दै जानुपर्ने हुन्छ।

### १९.२ मापन तालिका

| क्र.स. | स्थानीय स्रोत परिचालनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | करका दायरा/क्षेत्रहरू र करदाता संख्या वृद्धि गरेको | | |
| २ | गत वर्ष अघिल्लो आ.व. भन्दा १५ प्रतिशतसम्म आन्तरिक आय वृद्धि गरेको | | |
| ३ | गत वर्ष अघिल्लो आ.व. भन्दा २० प्रतिशत वा सो भन्दा वढी आन्तरिक आय वृद्धि गरेको | | |

### १९.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको पहिलो र तेस्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा चार अङ्क, पहिलो र दोस्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा तिन अङ्क, तेस्रो कोष्टमा मात्र “छ” मा (√) चिन्ह लागेमा दुइ प्रदान गर्ने, अन्यथा सून्य अङ्क प्रदान गर्ने।

### १९.४ पुष्ट्याइका स्रोत
गत आर्थिक बर्षको आर्थिक प्रतिबेदन, आय व्ययको अभिलेख, आम्दानी रसीद आदि।

## कार्यक्षेत्र समूह नं. ३ योजना तथा कार्यक्रम व्यवस्थापन

| सूचक नं. | सूचकहरूको नाम | अङ्क | समूहको कूल अङ्क | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| २० | आवधिक नगर योजना | २ | २० | ८ |
| २१ | संभाव्यता अध्ययन | २ | | |
| २२ | खरीद व्यवस्थापन | ४ | | |
| २३ | जाँचपास तथा फरफारक | २ | | |
| २४ | मर्मत संभार व्यवस्था | ४ | | |
| २५ | आयोजना सञ्चालनमा पारदर्शिता | २ | | |
| २६ | अनुगमन तथा मूल्याङ्कन | २ | | |
| २७ | सामाजिक परीक्षण | २ | | |

## सूचक नं. २० : आवधिक नगर योजना

### २०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १११ (१) बमोजिम नगरपालिका क्षेत्रको विकासका लागि आवधिक र वार्षिक विकास योजना तर्जुमा गर्नु पर्नेछ। साथै दफा १११ (२) बमोजिम योजना तर्जुमा गर्दा नगरको विकास सन्तुलित र नियोजित तुल्याउन आवश्यकता अनुसार भू-उपयोग, भू-एकिकरण जस्ता योजना संचालन गर्नुपर्ने हुन्छ। साथै नगर प्रोफाइल समेत तयार गरी नियमित रुपमा अद्यावधिक गर्नुपर्ने हुन्छ। ऐनको दफा १११(६) (च) बमोजिम आवधिक योजना तर्जुमा गर्दा विकासका सम्भावनाका आधारमा विभिन्न विषय क्षेत्रगत अल्पकालिन एवं दीर्घकालिन विकास कार्यहरू समेट्नु पर्ने हुँदा विभिन्न विषय क्षेत्रका (जस्तैः बस्ती विकास गुरुयोजना, नगर यातायात गुरु योजना, गरिबी न्यूनिकरण गुरुयोजना, पर्यटन प्रबर्द्धन गुरुयोजना, जनशक्ति र आर्थिक विकास गुरुयोजना आदि) गुरुयोजनाहरू समेत बनाई सोहि आधारमा बार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्नु पर्छ।

### २०.२ मापन तालिका

| क्र.स. | आवधिक नगर योजना तर्जुमा तथा कार्यान्वयन स्थिति | छ | छैन |
|---|---|---|---|
| १ | नगर प्रोफाइल तयार गरी अद्यावधिक गरेको | | |
| २ | आवधिक नगर योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | |
| ३ | आवधिक नगर योजना अनुसार वार्षिक योजना तर्जुमा गरेको | | |
| ४ | नगर यातायात गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याएको | | |

***नोट : नगर प्रोफाइल कम्तिमा प्रत्येक ५ वर्षमा अद्यावधिक गर्नुपर्नेछ।***

### २०.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्य अवस्थामा सून्य अङ्क प्रदान गर्ने।

### २०.४ पुष्ट्याइका स्रोत

आवधिक नगर योजना तथा विभिन्न विषय क्षेत्रगत अल्पकालिन र दीर्घकालिन गुरुयोजनाका दस्ताबेजहरू।

## सूचक नं. २१ : सम्भाव्यता अध्ययन

### २१.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ११३ ले आयोजना छनौट गर्ने क्रममा विभिन्न आधारहरू तोकी आयोजनाहरूको सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिका अनुदानसम्वन्धी कार्यविधि अनुसार पचास लाख रुपैया भन्दा बढी लागतका भौतिक पूर्वाधारका आयोजनाहरूको नगरपरिषद्वाट स्वीकृत हुनु अगावै सम्भाव्यता अध्ययन गराउनु पर्नेछ। संभाव्यता अध्ययन प्रतिवेदनमा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दीगोपना सम्बन्धी न्यूनतम विषयहरू समावेश गर्नुपर्नेछ।

### २१.२ मापन तालिका

| क्र.स. | भौतिक पूर्वाधारका आयोजनाहरूको सम्भाव्यता अध्ययनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | पचास लाख रुपैया भन्दा बढी लागतका सवै आयोजनाहरू परिषद्वाट स्वीकृत गर्नु पूर्व सम्भाव्यता अध्ययन गरेर मात्र स्वीकृत गरिएको। | | |
| २ | पचास लाख रुपैया भन्दा बढी लागतका आयोजना मध्ये कम्तीमा पचास प्रतिशत आयोजनाहरूको सम्भाव्यता अध्ययन गरिएको। | | |
| ३ | सम्भाव्यता अध्ययनमा सामाजिक, आर्थिक, वातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा, डिजाईन, स्पेशिफिकेशन आयोजनाको दीगोपना सम्बन्धी न्यूनतम विषयहरू समावेश भएको | | |

***नोट : यस सूचकको प्रयोजनका लागि “आयोजना” भन्नाले एक आ.व. भित्र पूरा हुने वा वहुवर्षीय आयोजना दुवैलाई जनाउछ।***

### २१.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र तेश्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोश्रो र तेश्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा वा पचास लाख रुपैया भन्दा वढी लागतका आयोजना नै स्वीकृत नभएको अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### २१.४ पुष्ट्याइका स्रोत

आयोजनाको दस्तावेजहरू (Poject Documents), सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report), बार्षिक योजना पुस्तिका।

## सूचक नं. २२ खरिद व्यवस्थापन

### २२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम ६२ को उपनियम (१) बमोजिमको खरिद गर्नुपर्ने भएमा अनुसूची ७२ को ढाँचामा खरिदको गुरु योजना र नियम ६२ को उपनियम (५) बमोजिम खरिद गर्नुपर्ने भएमा अनुसूची ७१ को ढांचामा बार्षिक खरिद योजना तयार गरी नगरपालिकाबाट स्वीकृत गराई कार्यान्वयनमा ल्याएको हुनु पर्दछ। साथै ऐनको दफा ११६ को उपदफा (२) र दफा ११७ को उपदफा (१) बमोजिम नगरपरिषद्बाट स्वीकृत योजनाहरू सञ्चालन गर्न नगरपालिकाले कार्यक्रम सञ्चालन तालिका तयार गरी कार्यान्वयन गर्नुपर्दछ। साथै नगरपालिका अनुदान कार्यविधिले गरेको व्यवस्था अनुसार विद्युतिय बोलपत्र प्रणाली कार्यान्वयनमा ल्याएको हुनुपर्दछ।

### २२.२ मापन तालिका

| क्र.स. | खरिद योजना तथा कार्यक्रम सञ्चालन तालिका | छ | छैन |
|---|---|---|---|
| १ | चालु आ.व. को लागि स्वीकृत कार्यक्रमहरूको वार्षिक खरिद योजना गत आ.व. को आषाढ मसान्तभित्रै नगरपालिका बोर्डबाट स्वीकृत भएको | | |
| २ | स्वीकृत खरिद योजना चालु आ.व. को श्रावण मसान्त भित्र मन्त्रालयमा पठाएको | | |
| ३ | चालु आ.व. का लागि स्वीकृत सबै योजना र कार्यक्रमको सञ्चालन तालिका गत आ.व. मा नै न. पा. बोर्डबाट स्वीकृत भएको | | |
| ४ | स्वीकृत कार्यसञ्चालन तालिका चालु आ.व. को श्रावण मसान्तभित्र पत्रिका मार्फत सार्वजनिक गरेको | | |
| ५ | विद्युतीय बोलपत्र प्रणाली कार्यान्वयनमा ल्याएको | | |

### २२.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा चार अङ्क प्रदान गर्ने, कुनै चार वटा कोठाको “छ” (√) चिन्ह लागेमा तीन अङ्क, कुनै तिनवटा कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने र अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### २२.४ पुष्ट्याइका स्रोत

नगरपरिषद्बाट चालु आ.व.का लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम, नगरपालिकाबाट स्वीकृत खरिद योजना र मन्त्रालयमा पठाएको अभिलेख, चालु आ.व.मा सञ्चालित कार्यक्रमहरूको कार्य सञ्चालन तालिका र सार्वजनिक गरेको अभिलेख तथा विद्युतीय बोलपत्र प्रणाली अवलोकन।

## सूचक नं. २३ ः जाँचपास तथा फरफारक

### २३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १२३ तथा नियमावलीको नियम १३८ र आर्थिक प्रशासन नियमावलीको नियम ३० बमोजिम नगरपालिकाले आयोजना सम्पन्न भएको जानकारी र प्रतिवेदन प्राप्त भएको मितिले एक महिनाभित्र जाँचपास तथा फरफारक गर्नुपर्छ ।

### २३.२ मापन तालिका

| क्र.स. | सम्पन्न आयोजनाको जाँचपास तथा फरफारक अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सबै आयोजना तथा कार्यक्रम संचालन गर्ने संस्था वा व्यक्तिबाट कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको | | |
| २ | कार्य सम्पन्न भएको जानकारी प्राप्त भएपछि भौतिक पूर्वाधार सम्बन्धी आयोजनाहरूको हकमा आर्थिक प्रशासन नियमावलीको नियम ३० वमोजिम प्राविधिकबाट मूल्याङ्कन प्रतिवेदन प्राप्त गरेको | | |
| ३ | कार्य सम्पन्न भएको जानकारी प्राप्त भएको मितिले एक महिनाभित्र कम्तीमा नब्बे प्रतिशत आयोजनाहरूको जाँचपास तथा फरफारक गरेको | | |
| ४ | जाँचपास तथा फरफारक सम्बन्धी निर्णय अनुमोदनको लागि नगरपरिषद्मा पेश भएको | | |

### २३.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कम्तीमा तीन वटा कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### २३.४ पुष्ट्याइका स्रोत

स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम, आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएपछि आयोजना सञ्चालन गर्ने निकाय/संस्था वा व्यक्तिले दिएको प्रतिवेदन, सम्बन्धित प्राविधिकले पेश गरेको मूल्याङ्कन प्रतिवेदन, जाँचपास तथा फरफारक सम्वन्धी निर्णय, जाँचपास फरफारक सम्वन्धी नगरपरिषद्को निर्णय आदि।

## सूचक नं. २४ मर्मत संभार व्यवस्था

### २४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा १२४ अनुसार विभिन्न तरिकाबाट योजनाहरूको मर्मत सम्भार गर्ने व्यवस्था गरिएको छ। आर्थिक प्रशासन नियमावलीको नियम ३३ को उपनियम (१) को खण्ड (ख) मा मर्मत सम्भार विशेष कोष स्थापना गर्न सकिने व्यवस्था रहेको छ। संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ग्रामिण सडक मर्मत सम्भार निर्देशिका समेत

जारी गरिसकेको छ। उपरोक्त कानूनी तथा नीतिगत व्यवस्था समेतका आधारमा नगरपालिकाले निर्माण गरेका योजनाहरूको नियमित मर्मत संभारको व्यवस्था मिलाउनु पर्ने हुन्छ।

### २४.२ मापन तालिका

| क्र.स. | सम्पन्न योजनाहरूको मर्मत सम्भार व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सम्पन्न सबै पूर्वाधारका योजनाहरूको लगत (Inventory) खडा गरी राखिएको | | |
| २ | मर्मत सम्भार विशेष कोषको स्थापना गरेको | | |
| ३ | कूल आन्तरिक आयको कम्तीमा तीन प्रतिशत रकम मर्मत सम्भार कोषमा जम्मा गरेको | | |
| ४ | मर्मत सम्भार कोषबाट कार्यक्रम तर्जुमा गरी सम्पन्न पूर्वाधारका आयोजनाको मर्मत सम्भार गरेको। | | |
| ५ | मर्मत सम्भारको लागि उपभोक्तासंग सेवा शुल्क लिने गरेको | | |

### २४.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा चार अङ्क, कुनै चार वटा कोठाको “छ” मा (√) चिन्ह लागेमा तीन अङ्क, कुनै तिन वटा कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क र कुनै दुइ कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शून्य अङ्क प्रदान गर्ने।

### २४.४ पुष्ट्याइका स्रोत

सम्पन्न पूर्वाधारका आयोजनाहरूको अद्यावधिक लगत, सेवा शुल्क सम्वन्धमा गरेको निर्णय, मर्मत सम्भार कोषको स्थापना र सञ्चालन भएको निर्णयहरू, मर्मत सम्भार कोषको खाताको अभिलेख, आर्थिक विवरण।

## सूचक नं. २५ आयोजना सञ्चालनमा पारदर्शिता

### २५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (२) बमोजिम सबै किसिमका योजना तथा कार्यक्रमहरू सम्पन्न भएपछि फरफारक गर्नुपूर्व सार्वजनिक परीक्षण कार्यविधि २०६७ अनुसार  सार्वजनिक परीक्षण गराउनु पर्छ। साथै नगरपालिका अनुदान सञ्चालन कार्यविधि अनुसार पाँच लाख रुपैया भन्दा वढी लागतका आयोजनाहरूको आयोजनास्थलमा सूचना पाटी (Project Information Board) राखेको हुनुपर्दछ।

### २५.२ मापन तालिका

| क्र.स. | आयोजना सञ्चालनमा पारदर्शिता सम्बन्धी अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सबै आयोजना र कार्यक्रमको सार्वजनिक/सामुदायिक परीक्षण गरेको | | |
| २ | उपभोक्ता समितिहरूबाट सञ्चालित आयोजनाहरूको मात्र सार्वजनि/सामुदायिक परीक्षण गरेको | | |
| ३ | सार्वजनिक/सामुदायिक परीक्षणमा नगरपालिकाले तोकेको कर्मचारी/सहजकर्ताको उपस्थिति रहेको | | |
| ४ | पाँच लाख रुपैया वा सो भन्दा वढी लागतका सवै आयोजनाहरूको आयोजनास्थलमा सूचना पाटी राखेको | | |

### २५.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो, तेस्रो र चौथो कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ, दोश्रो, तेस्रो र चौथो कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### २५.४ पुष्ट्याइका स्रोत

सार्वजनिक परीक्षण प्रतिवेदन, आयोजना सम्पन्न प्रतिवेदन, योजना पुस्तिका/फाईल, आयोजनास्थलको अवलोकन आदि।

## सूचक नं. २६ अनुगमन तथा मूल्याङ्कन

### २६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम १३९ मा नगर क्षेत्रमा सञ्चालित आयोजना तथा कार्यक्रमको नियमित सुपरीवेक्षण तथा अनुगमन गर्न सुपरीवेक्षण तथा अनुगमन समिति गठन गर्नुपर्ने व्यवस्था छ। तर निर्वाचित जनप्रतिनिधि वहाल नभएसम्म नगरपालिका अनुदान सञ्चालन कार्यविधि अनुसारको सुपरीवेक्षण तथा अनुगमन समितिलाई क्रियाशिल बनाइ आयोजना तथा कार्यक्रमहरूको नियमित अनुगमन गरी प्रतिवेदन प्राप्तीको व्यवस्था मिलाएको हुनुपर्दछ। अनुगमन प्रतिवेदन फारामको व्यवस्था गरी सो अनुसार प्रतिवेदन लिने र प्रतिवेदन उपर नियमित रुपमा बोर्ड बैठकमा छलफल गरी निर्णय लिने गर्नुपर्दछ। साथै अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरूको लगत खडा गरी राखेको हुनुपर्दछ।

### २६.२ मापन तालिका

| क्र.स. | अनुगमन तथा मूल्याङ्कन व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | अनुगमन तथा सुपरीवेक्षण समिति गठन भइ क्रियाशिल रहेको | | |
| २ | अनुगमन प्रतिवेदन फाराम तयार गरी लागु भएको | | |
| ३ | अनुगमन प्रतिवेदन उपर बोर्ड बैठकमा छलफल तथा निर्णय हुने गरेको | | |
| ४ | अनुगमन गरिएका आयोजना तथा कार्यक्रमहरूको लगत खडा गरी राखिएको | | |

### २६.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ ,कुनै तिनवटा कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### २६.४ पुष्ट्याइका स्रोत
अनुगमन कार्यविधि, सुपरीवेक्षण तथा अनुगमन समितिको निर्णय पुस्तिका, अनुगमन प्रतिवेदन फाराम तथा पेश भएका अनुगमन प्रतिवेदन, नगरपालिकाको बोर्ड बैठकको निर्णय पुस्तिका, अनुगमन गरिएका आयोजनाहरूको लगत आदि।

## सूचक नं. २७ सामाजिक परीक्षण

### २७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) र न पा अनुदान सञ्चलन कार्यविधिले निर्दिष्ट गरे वमोजिम प्रत्येक वर्ष सम्पादन गरेका काम कारवाही सम्वन्धमा सामाजिक परीक्षण कार्यविधि अनुसार सामाजिक परीक्षण गर्नुपर्छ। सामाजिक परीक्षणमा स्थानीयस्तरमा क्रियाशिल संघसंस्था सहित सवै पक्षका सरोकारवालाहरूको सहभागिता हुनुपर्नेछ। एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमहरूको आर्थिक वर्ष समाप्त भएपछिको पहिलो चौमासिक भित्र सामाजिक परीक्षण सम्पन्न गरी सकेको हुनुपर्दछ। यस्तो सामिजिक परीक्षण हुने स्थान, मिति र समय खुलाई उपस्थितिका लागि सूचना व्यापक रुपमा प्रचार प्रसार गर्नुपर्दछ। सामाजिक परीक्षण सम्पन्न गरेपछि नगरपरिषद् समक्ष प्रतिवेदन पेश गर्नुपर्छ।

### २७.२ मापन तालिका

| क्र.स. | गत आ.व.को पहिलो चौमासिक भित्र सम्पन्न सामाजिक परीक्षणको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सामाजिक परीक्षणमा उपस्थितिका लागि सबै सरोकारवालालाइ मिति, समय र स्थान तोकी सूचना गरेको | | |
| २ | उक्त भेलामा सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन पेश गरी छलफल गरेको | | |
| ३ | सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन तयार गरी भेला सम्पन्न भएको मितिले एक महिना भित्र मन्त्रालयमा पठाएको | | |
| ४ | सामाजिक परीक्षणको अन्तिम प्रतिवेदन नगरपरिषद् समक्ष पेश गरेको | | |

### २७.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको सवै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोश्रो सहित कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### २७.४ पुष्ट्याइका स्रोत
गत आर्थिक वर्षमा सम्पन्न सामाजिक परीक्षणको प्रतिवेदन र सो प्रतिवेदन उपर छलफल भएको नगरपरिषद्को माइन्यूट।

## कार्यक्षेत्र समूह नं. ४ : संगठन तथा जनशक्ति विकास

| सूचक नं. | सूचकको नाम | अङ्क | समूहको कूल अङ्क | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| २८ | कर्मचारीको कार्य विवरण तथा मासिक बैठक | २ | १० | ४ |
| २९ | सेवा प्रवाह व्यवस्थापन | २ | | |
| ३० | कर्मचारी कल्याण कोष | २ | | |
| ३१ | सेवा करार | २ | | |
| ३२ | आचार संहिता तथा सम्पत्ति विवरण | २ | | |

# सूचक नं २८ कर्मचारीको कार्य विवरण तथा मासिक बैठक

### २८.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २४९को उपदफा (१) वमोजिम सबै कर्मचारीहरूको लिखित कार्य विवरण तयार गरी सम्बन्धित कर्मचारीलाई उपलब्ध गराएको हुनुपर्छ। साथै नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई प्रभावकारी बनाउने विषय तथा अन्य सामयिक विषयमा छलफल गर्न मासिक कर्मचारी बैठक समेत गर्नुपर्नेछ।

### २८.२ मापन तालिका

| क्र.स. | कार्य विवरण तथा कर्मचारी बैठकको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सबै कर्मचारीहरूलाई लिखित रुपमा कार्य विवरण उपलब्ध गराइएको | | |
| २ | लिखित कार्य विवरण कार्यालय सहयोगी बाहेक अन्य सबै कर्मचारीलाई उपलब्ध गराइएको। | | |
| ३ | कार्य विवरणका आधारमा कर्मचारीको मूल्याङ्कनका सूचक बनाइ लागू गरेको | | |
| ४ | सूचकका आधारमा मूल्याङ्कन गरी कम्तीमा एक जना उत्कृष्ठ कर्मचारीलाई पुरस्कृत गरेको | | |
| ५ | एक महिनामा एक पटक पर्ने गरी वर्षमा कम्तीमा छ पटक मासिक कर्मचारी बैठक बसेको | | |

### २८.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो, तेस्रो, चौथो, पाचौं कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, दोस्रो, तेस्रो, चौथो र पाँचौ कोठाको “छ” मा (√) लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### २८.४ पुष्ट्याइको स्रोत

गत आ.व.मा कार्यरत कर्मचारीलाई प्रदान गरिएको लिखित कार्य विवरणको अभिलेख। स्टाफ बैठकको माइन्यूट।

## सूचक नं. २९ : सेवा प्रवाह व्यवस्थापन

### २९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा २६५ ले स्थानीय निकायलाई आफ्नो कार्य सञ्चालन व्यवस्थित गर्न विनियम बनाउन सक्ने अधिकार दिएको छ। सेवा प्रवाहलाई प्रभावकारी बनाउन कर्मचारी प्रशासन, सरसफाई व्यवस्थापन, भौतिक पूर्वाधार तथा भवन निर्माण, आन्तरिक कार्य सञ्चालन, राजश्व सङ्कलन आदि व्यवस्थापन एवं शहरी सुशासन सम्बन्धी विनिय/कार्यविधि/निर्देशिकाहरू स्वीकृत गरी लागू गरेको हुनुपर्दछ। सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा २५ अनुसार सेवा प्रवाहलाई व्यवस्थित बनाउन नागरिक बडापत्र राखेको हुनुपर्दछ।

### २९.२ मापन तालिका

| क्र.स. | सेवा प्रवाह व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | अद्यावधिक नागरिक बडापत्र सबैले देख्ने गरी राखेको | | |
| २ | कम्तीमा तीन वटा विनियम/कार्यविधि/निर्देशिकाहरू स्वीकृत गरी लागू भएको | | |
| ३ | नागरिक बडापत्र तथा कार्यविधि बमोजिम कार्य प्रक्रिया सञ्चालन गरेको | | |

### २९.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, पहिलो र दोश्रो कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### २९.४ पुष्ट्याइका स्रोत

नगरपालिकामा प्रचलनमा रहेका नागरिक बडापत्र, विनियमहरू, निर्देशिकाहरू र कार्यविधिहरू तथा सेवाग्राहीसँगको अन्तरक्रिया।

## सूचक नं. ३० : कर्मचारी कल्याण कोष

### ३०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम २६५ बमोजिम स्थानीय निकायका कर्मचारीहरूको उपदान प्रयोजनका निमित्त आर्थिक प्रशासन नियमावलीको नियम ३३ अनुसार विशेष कोषको रुपमा कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छ। कर्मचारी कल्याण कोषमा स्थायी कर्मचारीहरूले प्राप्त गर्ने एक महिनाको तलब बराबरको रकम वार्षिक रुपमा जम्मा गर्नु पर्नेछ।

### ३०.२ मापन तालिका

| क्र.स. | कर्मचारी कल्याण कोष सम्वन्धी व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | कर्मचारीहरूको एक महिनाको तलव बराबर रकम कर्मचारी कल्याण कोषमा जम्मा गरेको | | |
| २ | कर्मचारी कल्याण कोष सञ्चालन सम्वन्धी निर्देशिका नगरपरिषद्वाट स्वीकृत गरी लागू गरेको | | |

### ३०.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुई अङ्क प्रदान गर्ने, पहिलो कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३०.४ पुष्ट्याइका स्रोत

गत आ.व.मा नगरपालिकाका स्थायी कर्मचारीहरूको मासिक पारिश्रमिक विवरण, कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको बैंक भौचर, कर्मचारी कल्याण कोष निर्देशिका, नगर परिषद्को निर्णय पुस्तिका।

## सूचक नं. ३१ : सेवा करार

### ३१.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

नियमावलीको नियम २१३ को उपनियम (३) बमोजिम नगरपालिकाले फोहर व्यवस्थापन, विद्युत, खानेपानी आपूर्ति, सुरक्षा, सरसफाई, बगैचा हेरचाह, फोटोकपी गर्ने जस्ता कार्यका लागि स्थायी कर्मचारी नराखी सेवा करारमा काम गराएको हुनुपर्छ। यस्ता काम गराउने प्रयोजनका लागि स्थायी वा अस्थायी कर्मचारी नियूक्त गर्न पाइनेछैन। सेवा करार गर्दा सेवा लिने र दिने पक्ष वीच करार सम्झौता गरिएको हुनुपर्दछ। सेवा करारको नाममा व्यक्तिलाई करारमा नियूक्ति गर्न र करार गर्दा अर्को व्यवस्था नभएसम्मका लागि भनी गर्न पाइने छैन।

### ३१.२ मापन तालिका

| क्र.स. | सेवा करार व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | सेवा करारमा लिने नगरपरिषद्बाट निर्णय भएको | | |
| २ | अस्थायी प्रकृति/सहयोगी कर्मचारीको काम सेवा करारमा दिएको | | |
| ३ | अस्थायी प्रकृतिको काम वा सहयोगी स्तरले गर्ने कामका लागि अस्थायी कर्मचारी भर्ना नगरेको | | |
| ४ | अचल सम्पत्तिहरूको सञ्चालन तथा मर्मत सम्भार सम्बन्धी कार्य (सार्वजनिक शौचालयको सफाई तथा सञ्चालन, पार्क सञ्चालन, सरसफाई आदि कार्य) सेवा करार बाट सम्पादन गरिएको | | |

***नोट : भइरहेका स्थायी कर्मचारीवाट कार्य सम्पादन हुने भएको कारणवाट सेवा करारमा लिनु नपर्ने भएमा माथि तालिकाको पहिलो, दोस्रो र चौथो कोठामा "छ" मा चिन्ह लगाउने।***

### ३१.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, तेस्रो सहित कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने र अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३१.४ पुष्ट्याइका स्रोत
सेवा करार सम्बन्धी निर्णय, करार संझौता, कर्मचारी विवरण, अभिलेख तथा कागजातहरू।

## सूचक नं. ३२ : आचार संहिता तथा सम्पत्ति विवरण

### ३२.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार
ऐनको दफा ८७, बमोजिम सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ५० उपदफा (१) र अन्य प्रचलित ऐन नियम बमोजिम सार्वजनिक जिम्मेवारीका पदमा रहेका पदाधिकारीहरूले प्रत्येक वर्ष सम्पत्ति विवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था रहेको हुँदा नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरूको हकमा पनि उक्त व्यवस्था अनिवार्य रुपमा लागु गर्नुपर्ने हुन्छ। नगरपालिका बोर्डका सदस्यहरूको आचार संहिता तर्जुमा गरी सार्वजनिक गरेको हुनुपर्नेछ। साथै त्यस्ता पदाधिकारीहरूले वार्षिक रुपमा आफ्नो सम्पत्ति विवरण नगरपालिकामा पेश गर्नुपर्नेछ।

### ३२.२ मापन तालिका

| क्र.स. | आचार संहिता तथा सम्पत्ति विवरण सम्बन्धी व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | न पा वोर्डका सदस्यहरूको आचार संहिता तर्जुमा गरी सार्वजनिक गरेको | | |
| २ | गत आर्थिक बर्ष प्रारम्भ भएको साठी दिन भित्र नगरपालिकाका सबै पदाधिकारी तथा कर्मचारीहरूले सम्पत्ति विवरण पेश गरेको | | |
| ३ | न पा बोर्डका सबै सदस्यहरूको सम्पति विवरण नगरपालिका कार्यालयमा गत आ.व.प्रारम्भ भएको साठी दिन भित्र पेश भएको | | |

### ३२.३ अङ्क प्रदान गर्ने विधि
मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइ वटा कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३२.४ पुष्ट्याइका स्रोत
- नपा बोर्डका सदस्यहरूको आचार संहिता
- भ्रष्टाचार निवारण ऐन २०५९ अनुसार सबै पदाधिकारी र कर्मचारीले गत आ.व. शुरु भएको ६० दिन भित्र पेश गरेको सम्पत्ति विवरणको अभिलेख

## कार्य क्षेत्र नं. ५ शहरी आधारभूत सेवा व्यवस्थापन

| सूचक नं. | सूचकको नाम | अङ्क | समूहको कूल अङ्क | प्राप्त गर्नुपर्ने न्यूनतम अङ्क |
|---|---|---|---|---|
| ३३ | सरसफाई तथा फोहर व्यवस्थापन | ४ | २२ | ९ |
| ३४ | वातावरण व्यवस्थापन | ४ | | |
| ३५ | सवारी साधन पार्कीङ्ग व्यवस्थापन | २ | | |
| ३६ | माशु पसलको नियमन तथा व्यवस्थापन | २ | | |
| ३७ | जनस्वास्थ्य प्रवर्द्धन | २ | | |
| ३८ | आकस्मिक सेवा र विपद जोखिम व्यवस्थापन | ४ | | |
| ३९ | पञ्जिकरण व्यवस्थापन | २ | | |
| ४० | भवन निर्माण मापदण्ड तथा राष्ट्रिय भवन संहिता २०६० कार्यान्वयन | २ | | |

## सूचक नं. ३३ : सरसफाई तथा फोहर व्यवस्थापन

### ३३.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ग) को उपखण्ड (६) र (७) ले नगरपालिकाको काम कर्तव्य र अधिकारमा सरसफाईको कार्यक्रम सञ्चालन गर्ने र फोहर सङ्कलन, ढुवानी तथा तह लगाउने सम्बन्धी कामको सञ्चालन र व्यवस्थापन गर्ने गराउने कुरा तोकेको छ। नगरको सरसफाई र फोहर व्यवस्थापनको कार्य व्यवस्थित र प्रभावकारी ढङ्गले सञ्चालन गर्नु पर्दछ।

### ३३.२ मापन तालिका

| क्र.स. | सरसफाई तथा फोहर व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | वार्षिक कार्यक्रममा फोहर व्यवस्थापन सम्बन्धी कार्य समावेश भएको | | |
| २ | फोहरलाइ जैविक र अजैविक रुपमा स्रोतमै वर्गिकरण गर्ने कार्यक्रम कम्तीमा पच्चीस प्रतिशत वडाहरूमा लागू गरेको | | |
| ३ | वर्गिकृत फोहरलाइ छुट्टा छुट्टै सङ्कलन गर्ने गरेको | | |
| ४ | फोहर व्यवस्थापन कार्यमा निजी/सामुदायिक क्षेत्रलाइ परिचालन गरेको | | |
| ५ | फोहरलाइ व्यवस्थित ढङ्गले अन्तिम रुपमा तह लगाउने स्थलको व्यवस्था गरेको | | |
| ६ | फोहरको पुन प्रयोग तथा प्रशोधन सम्बन्धी कार्य गरेको | | |
| ७ | फोहर व्यवस्थापन सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गरेको | | |

### ३३.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा चार अङ्क, कुनै छ वटा कोठाको "छ" मा (√) चिन्ह लागेमा तीन अङ्क, कुनै पाँच वटा कोठाको "छ" मा (√) ठीक चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३३.४ पुष्ट्याइका स्रोत

सरसफाइ तथा फोहर व्यवस्थापन सम्बन्धी वार्षिक कार्यक्रम र संयन्त्र, निजी/सामुदायीक संघ संस्थासँग भएको सम्झौता, वार्षिक प्रगति प्रतिवेदन, नगरपालिकाको प्रकाशित तथ्याङ्क, स्थलगत अवलोकन।

## सूचक नं. ३४ : वातावरण व्यवस्थापन

### ३४.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ग) तथा ९६ को उपदफा (२) को खण्ड (ज) बमोजिम नगरपालिकाले वातावरण संरक्षण कार्यका अतिरिक्त मनोरंजन स्थल, क्रिडास्थल, सँग्रहालय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउनु पर्ने हुन्छ। साथै सोही ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ञ) को उपखण्ड (१) अनुसार सडकको दायाँ बायाँ वृक्षारोपण गरी हरियाली प्रबर्द्धन गरी शहरी सुन्दरता अभिवृद्धिका साथै वातावरण संरक्षणको कार्यलाई टेवा पुऱ्याएको हुनुपर्छ।

वातावरण संरक्षण ऐन, २०५३ तथा सोही नियमावली, २०५४ ले वातावरण संरक्षण सम्बन्धी विभिन्न व्यवस्थाहरू गरेको र वातावरण व्यवस्थापन निर्देशिका, २०६१ समेत जारी भैसकेको छ। उपरोक्त व्यवस्थाहरूका साथै मन्त्रालयबाट स्वीकृत वातावरणीय सामाजिक सुरक्षा सम्बन्धी निर्देशिकाको समेत पालना गर्नुपर्दछ।

### ३४.२ मापन तालिका

| क्र.स. | वातावरण व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | वातावरणीय प्रभाव मूल्याङ्कन (EIA)/प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्नु पर्नेमा गरेको | | |
| २ | नगरक्षेत्रका सडकका दायाँ बायाँ वृक्षारोपण गरी हरियाली कायम गरेको<br>(प्रत्येक वर्ष कूल सडकको कम्तिमा १०% सडकमा वृक्षारोपण गरी संरक्षण गर्नुपर्छ) | | |
| ३ | वातावरण संरक्षण कार्यक्रम तर्जुमा गरी लागू गरेको | | |
| ४ | जलवायू परिवर्तनका प्रभाव न्यूनिकरण गर्न अनुकूलनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरेको | | |
| ५ | वातावरण शाखा/इकाइ/स्थापना गरी वा सम्पर्क व्यक्ति तोकी कार्य जिम्मवारी स्पष्ट तोकिएको | | |
| ६ | वातावरण संरक्षण विशेष कोष खडा गरी बजेट निकाशा गरेको | | |

### ३४.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको पहिलो र दोस्रो सहित कुनै पाँच कोठाको "छ" मा (√) चिन्ह लागेमा चार अङ्क, पहिलो र दोस्रो सहित कुनै चार वटा कोठाको "छ" मा (√) चिन्ह लागेमा तीन अङ्क, दोस्रो सहित कुनै तीन वटा कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३४.४ पुष्ट्याइका स्रोत

वार्षिक बजेट र कार्यक्रम, वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, सडक अवलोकन, पूर्वाधारका आयोजनाहरूको वातावरणीय व्यवस्थापन योजना, कर्मचारीको कार्य विवरण, वातावरण संरक्षण विशेष कोष सम्बन्धी अभिलेख।

## सूचक नं. ३५ : सवारी साधन पार्किङ्ग व्यवस्थापन

### ३५.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ अन्तर्गत नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा (१) को खण्ड (च) को निर्माण तथा यातायात सम्बन्धी खण्डको उपखण्ड (२) मा 'नगरपालिका क्षेत्रभित्र बसपार्क, रिक्सा, टाँगा, ट्रक आदिको पार्किङ्ग व्यवस्था गर्ने गराउने' भनी उल्लेख गरिएको छ। बढ्दो शहरीकरणले नगरक्षेत्रमा सञ्चालन हुने सवारी साधनको बृद्धि द्रुत गतिले भइरहेको छ। नगरक्षेत्रभित्र सवारी साधनको पार्किङ्ग व्यवस्थापन गर्नुपर्दछ।

### ३५.२ मापन तालिका

| क्र.स. | सवारी साधन पार्किङ्ग सम्बन्धी व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | नगर क्षेत्रभित्र वसपार्कको व्यवस्था गरेको | | |
| २ | वसपार्कमा शौचालय,पानी तथा बत्तीको व्यवस्था भएको | | |
| ३ | तोकिएको बसपार्कमा मात्र बस पार्किङ्गको व्यवस्था गरेको | | |

### ३५.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको "छ" मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइवटा कोठाको "छ" मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३५.४ पुष्ट्याइका स्रोत

सवारी साधन(बस) पार्किङ्ग व्यवस्थापन सम्वन्धी निर्णय, बस पार्किङ्गस्थलको स्थलगत अवलोकन ।

## सूचक नं. ३६ : मासु पसलको नियमन तथा व्यवस्थापन

### ३६.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपनियम (१) को खण्ड (ञ) को उपखण्ड २ र १४ ले पशु बधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने कार्य तोकेको, दफा ९६ को उपदफा (१) को खण्ड (छ) को उपखण्ड (५) र (६) मा नगरपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चिज वस्तुको सार्वजनिक प्रयोगमा रोक लगाउने वा हटाउने र जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचबिखन र उपभोगमा रोक लगाउने व्यवस्था रहेको छ।

यी विषयहरू जनस्वास्थ्यसँग प्रत्यक्ष सम्बन्धित रहेकोले मासु जाँच सम्बन्धी ऐन, नियम अनुसार सम्बन्धित पशु सेवा कार्यालय, उपभोक्ता हित संरक्षण मञ्च, मासु व्यवसायी संस्था र पशु स्वास्थ्य सम्बन्धी निकायहरूसँग समन्वय गरी मासु पसल र पशु बधशालाको नियमन र व्यवस्थापन कार्य गर्नुपर्ने हुन्छ।

### ३६.२ मापन तालिका

| क्र.स. | मासु पसलको नियमन र व्यवस्थापन सम्वन्धी अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | मासु पसलहरूको व्यवसाय दर्ता गरी अभिलेख व्यवस्थित गरी राखेको | | |
| २ | मासु पसल सञ्चालन गर्न न्यूनतम मापदण्ड तोकी लागू गरेको | | |
| ३ | मासु पसलको व्यवस्थापनमा जिल्ला पशु सेवा कार्यालय,उद्योग वाणिज्य संघ तथा उपभोक्ता संरक्षण मञ्चसंग समन्वय गरी नियमित अनुगमन गरेको | | |
| ४ | अनुगमन प्रतिवेदन नगरपालिका समक्ष पेश गरेको | | |
| ५ | अनुगमन प्रतिवेदन उपर नगरपालिका बोर्डमा छलफल भइ निर्णय हुने गरेको | | |

### ३६.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कमीतमा कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३६.४ पुष्ट्याइका स्रोत

मासु पसल व्यवस्थापन सम्बन्धी बैठकका निर्णयहरू, अनुगमन तथा निरीक्षण प्रतिवेदन र कारवाही सम्बन्धी अभिलेखहरू तथा मासु पसलहरूको अवलोकन।

## सूचक नं. ३७ : जनस्वास्थ्य प्रबर्द्धन

### ३७.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपनियम (१) को खण्ड (छ) मा नगरपालिकाको स्वास्थ्य सेवा सम्बन्धी काम ताकिएको छ। राष्ट्रिय कार्यक्रमका अतिरिक्त नगरपालिका आफैंले सरसफाई र तथा स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गर्नुका साथै जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने खालका वस्तुको उपभोग तथा वेच विखनमा रोक लगाउनुका साथै कालोबजारी नियन्त्रण सम्बन्धी कार्य समेत गर्नुपर्छ।

### ३७.२ मापन तालिका

| क्र.स. | जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | राष्ट्रिय कार्यक्रमका अतिरिक्त जनस्वास्थ्य पवर्द्धन सम्बन्धी थप कार्यक्रम नगरपरिषद्वाट स्वीकृत गराइ सञ्चालन गरेको | | |
| २ | शौचालय प्रबर्द्धन तथा खुल्ला दिसामुक्त क्षेत्र कार्यक्रम कम्तीमा पच्चीस प्रतिशत वडाहरूमा सञ्चालन गरेको | | |
| ३ | सम्वद्ध सरकारी निकाय, उपभोक्ता हित संरक्षण मञ्च तथा उद्योग बाणिज्य संघ संग समन्वय गरी उपभोग्य वस्तुको वेचविखन गर्ने पसलहरूको अनुगमन गरेको | | |
| ४. | अनुगमन प्रतिवेदन उपर नियमित रुपमा वोर्ड वैठकमा छलफल गरी अनियमित कार्य गर्ने उपर कारवाही तथा सजाय गरेको | | |

### ३७.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै दुइ कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३७.४ पुष्ट्याइका स्रोत

बार्षिक कार्यक्रम तथा बजेट, गत आ.व. को बार्षिक प्रगति प्रतिवेदन आदि।

## सूचक नं. ३८ : आकस्मिक सेवा र विपद जोखिम ब्यवस्थापन

### ३८.१ सूचकको ब्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ञ) विविध अन्तर्गत उपखण्ड ७ र १९ मा दैवी प्रकोप नियन्त्रण गर्ने र वारुणयन्त्र सञ्चालन गर्ने गराउने काम नगरपालिकालाई तोकिएको छ। नगर क्षेत्रमा विपद जोखिम व्यवस्थापन कार्यक्रम र आकस्मिक सेवा संञ्चालन गर्नु पर्छ। भुकम्प, बाढी पहिरो, आगलागी तथा महामारी जस्ता प्रकोपको नियन्त्रण तथा क्षतिको न्यूनिकरण गर्न र प्रकोपको अवस्थामा उद्धार एवं राहत तथा पूनर्स्थापना जस्ता

कार्यहरू समावेश हुने गरी विपद जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan) बनाई अन्य सरोकारवाला र समुदायसँग सहकार्य गर्न पहल गरी कार्यक्रम सञ्चालन गर्नु पर्छ।

### ३८.२ मापन तालिका

| क्र.स. | आकस्मिक सेवा र विपद व्यवस्थापनको अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | विपद्का क्षेत्रहरू, जोखिमको अवस्था, जोखिम न्यूनिकरणका उपायहरू तथा संस्थागत प्रवन्ध समेत उल्लेखित आवधिक विपद् जोखिम व्यवस्थापन योजना (Disaster Risk Management Plan) परिषद्वाट स्वीकृत भएको | | |
| २ | आवधिक विपद् जोखिम व्यवस्थापन योजनाको आधारमा वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम स्वीकृत गरी कार्यान्वयनमा ल्याएको | | |
| ३ | वारुणयन्त्र सञ्चालन भएको | | |
| ४ | विपद् व्यवस्थापन कोष खडा गरी सो कोषमा रकम जम्मा गरेको | | |

### ३८.३ अङ्क प्रदान गर्ने विधि

मापनतालिकाको सबै कोठाको “छ” मा (✓ ) चिन्ह लागेमा चार, कुनै तीन वटा कोठाको “छ”मा (✓ ) चिन्ह लागेमा तीन, कुनै दुईवटा कोठाको “छ”मा (✓ ) चिन्ह लागेमा दुई अङ्क प्रदान गर्ने, अन्य अवस्थामा शुन्य अङ्क प्रदान गर्ने ।

### ३८.४ पुष्ट्याइका स्रोत

आवधिक विपद् जोखिम व्यवस्थापन योजना तथा वार्षिक विपद् जोखिम व्यवस्थापन कार्यक्रम, विपद् व्यवस्थापन कोषको अभिलेख, वारुण यन्त्रको अवस्था तथा गत आ.व.मा प्रदान गरेको सेवा सम्बन्धी अभिलेख।

## सूचक नं. ३९ : पञ्जिकरण व्यवस्थापन

### ३९.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

ऐनको दफा ९६ को उपदफा (१) को खण्ड (ञ) को उपखण्ड (९) अनुसार प्रचलित कानून बमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने कार्य समेत नगरपालिकाको कार्यक्षेत्रमा परेको छ। जन्म, मृत्यू तथा अन्य व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन, २०३३ अनुसार जन्म, मृत्यू, विवाह, सम्बन्ध विच्छेद र बसाईसराई जस्ता व्यक्तिगत घटनाको व्यवस्थित रुपमा दर्ता गरी प्रमाणपत्र दिने र तत्सम्बन्धी विवरण अद्यावधिक गरी मासिक र बार्षिक विवरण सम्बन्धित जि.वि.स. मा पठाउने गरेको हुनुपर्छ।

### ३९.२ मापन तालिका

| क्र.स. | व्यक्तिगत घटना दर्ता गर्ने व्यवस्था | छ | छैन |
|---|---|---|---|
| १ | व्यक्तिगत घटना सम्बन्धी पाँच वटै घटनाको दर्ता रजिष्टर अद्यावधिक गरी अभिलेख राखिएको | | |
| २ | पाँचवटै घटनाको लागि सूचना फारमहरू उपलब्ध गराइएको | | |
| ३ | व्यक्तिगत घटना दर्ताको वार्षिक प्रतिवेदन बैशाख मसान्तभित्रै सम्बन्धित जिविसको कार्यालयमा पठाएको | | |
| ४ | व्यक्तिगत घटना दर्ताको वार्षिक विवरण प्रकाशन गरी आषाढ मसान्तभित्रै सार्वजनिक गरेको | | |

### ३९.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तीन कोठाको “छ” मा (√) चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ३९.४ पुष्ट्याइका स्रोत

व्यक्तिगत घटना दर्ताका अभिलेखहरू, सूचना फारामहरू, पञ्जीकरण सम्बन्धि काम गर्ने शाखाको कार्य सम्पादन अवस्थाको अवलोकन, मासिक र बार्षिक प्रतिवेदन, गत आ.व. मा प्रकाशित व्यक्तिगत घटना दर्ता सम्वन्धी वार्षिक विवरण आदि।

## सूचक नं. ४० : भवन निर्माण मापदण्ड र राष्ट्रिय भवन संहिता, २०६० कार्यान्वयन

### ४०.१ सूचकको व्याख्या र कानूनी/नीतिगत आधार

भवन ऐन २०५५ को दफा १०, ११ र १२ बमोजिम नगरपालिका क्षेत्रमा कुनै व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्दा राष्ट्रिय भवन संहितामा उल्लेखित मापदण्ड बमोजिम नक्सा स्वीकृत गर्नुपर्नेछ। यसरी नक्सा स्वीकृतिका लागि दरखास्त लिंदा भवन नियमावली २०६६ को अनुसूची १ बमोजिमको ढाँचामा स्ट्रक्चरल डिजाइन समेत पेश गर्न लगाउनु पर्नेछ। स्वीकृत नक्सा र भवन संहिता बमोजिम भए नभएको स्थलगत निरीक्षण तथा अनुगमन गरी अनियमित निर्माण कार्य उपर कारवाहीको व्यवस्था समेत गर्नुपर्दछ। ऐनको परिच्छेद ९ को दफा १४९ देखि १६४ सम्मको प्रक्रियाहरू समेतका आधारमा दफा १५५ र १५६ बमोजिम नगर क्षेत्रभित्र निर्माण गरिने भवन निर्माण सम्बन्धी व्यवस्था कार्यान्वयनमा ल्याएको हुनु पर्दछ। साथै भवन निर्माण गर्दा गराउँदा अपाङ्ग मैत्री वनाउने कुरामा ध्यान दिनुपर्दछ। भूकम्पिय जोखिम न्यूनिकरण गर्न तत्सम्वन्धी जनचेतना कार्यक्रमहरू समेत सञ्चालन गर्नुपर्ने हुन्छ।

### ४०.२ मापन तालिका

| क्र.स. | राष्ट्रिय भवन संहिता, २०६० कार्यान्वयन अवस्था | छ | छैन |
|---|---|---|---|
| १ | भवन निर्माण अनुमतिका लागि भवन नियमावली, २०६६ को अनुसूची १ बमोजिम स्ट्रक्चरल डिजाइन सहितको दरखास्त फाराम लिने गरेको | | |
| २ | नगर क्षेत्रमा हुने भवन निर्माण कार्य स्वीकृत नक्सा र राष्ट्रिय भवन संहिता, २०६० बमोजिम भए नभएको स्थलगत निरीक्षण गरी अनियमित निर्माण कार्य उपर कारवाहीको व्यवस्था गरेको | | |
| ३ | राष्ट्रिय भवन संहिता अनुसार नक्सा पास गर्ने व्यवस्था गरेको | | |
| ४ | सरकारी/सार्वजनिक भवनको नक्सा अपाङ्ग मैत्री भए मात्र पास गर्ने व्यवस्था गरेको | | |
| ५ | भूकम्पिय जोखिम न्यूनिकरण, पूर्वतयारी र भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी प्रशिक्षण तथा जनचेतना कार्यक्रमहरू सञ्चालन गरेको | | |

### ४०.३ अङ्क प्रदान गर्ने विधि

मापन तालिकाको सबै कोठाको “छ” मा (√) चिन्ह लागेमा दुइ अङ्क प्रदान गर्ने, कुनै तिन कोठाको “छ” मा (√) ठीक चिन्ह लागेमा एक अङ्क प्रदान गर्ने, अन्यथा शून्य अङ्क प्रदान गर्ने।

### ४०.४ पुष्ट्याइका स्रोत

नगरपालिकाबाट स्वीकृत भवन निर्माण तथा नक्सा पास सम्वन्धी मापदण्ड र राष्ट्रिय भवन संहिता, २०६० कार्यान्वयन कार्यविधि।

# परिच्छेद–४
# गुणस्तर परीक्षण

४.१ नगरपालिकामा जाने पूँजिगत अनुदानलाई प्रत्यक्ष असर पार्ने न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको नतिजा तथ्यपरक र विश्वसनीय होस भन्ने अभिप्रायले न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको गुणस्तर परीक्षणको व्यवस्था गरिएको छ। यस परीक्षणका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

१. न्यूशकास मापन पद्धतिलाई विश्वसनीय र प्रभावकारी बनाउने,
२. न्यूशकास मापन प्रतिवेदनलाई गुणस्तरीय र यथार्थ बनाउने,
३. मूल्याङ्कनकर्ताहरूको पेशागत जवाफदेहिता वृद्धि गर्ने,
४. मापन पद्धति सुधारका लागि पृष्टपोषण प्राप्त गर्ने।

## ४.२ गुणस्तर परीक्षणका लागि नगरपालिका छनौट

गुणस्तर परीक्षणका लागि कूल नगरपालिका संख्याको कम्तीमा दश प्रतिशत नगरपालिका सचिवालयले निर्धारण गरेको उपयूक्त विधि अनुसार छनौट गरिनेछ। यसरी छनौट गर्दा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको प्रारम्भिक प्रतिवेदनको गुणस्तरलाई प्रमुख आधार मानिनेछ।

## ४.३ परीक्षण टोली तथा विधि

न्यूशकास मापनको गुणस्तर परीक्षण गर्नका लागि यस कार्यविधिको खण्ड ५.४ बमोजिमको टोली रहनेछ। तर जुन वर्षको मापनको गुणस्तर परीक्षण गरिने हो सोही वर्षको मापन कार्यमा संलग्न मूल्याङ्कनकर्ताहरू गुणस्तर परीक्षणका लागि मूल्याङ्कनकर्ता हुन सक्ने छैनन्। साथै गुणस्तर परीक्षण गरिने नगरपालिकाको सम्बन्धित आ.व.को न्यूशकास मापनमा संलग्न संस्था सोही नगरपालिकाको गुणस्तर परीक्षणका लागि छनौट हुन सक्ने छैन। गुणस्तर परीक्षण विधि सचिवालयले निर्धारण गरे वमोजिम हुनेछ। छनौट भएको टोलीले मूल्याङ्कन सम्पन्न गरी तोकिए बमोजिमको ढाँचामा सचिवालयमा प्रतिवेदन दिनुपर्नेछ।

## ४.४ गुणस्तर परीक्षणको परिणाम

गुणस्तर परीक्षणको प्रतिवेदनबाट न्यूशकास मापनमा संलग्न टोलीले प्रभावमा परी वा हेलचेक्रयाई गरी तथ्य फरक पारी वा गलत व्याख्या गरी वा नतिजामा फरक पारी गम्भीर त्रुटी गरेको पाइएमा त्यस्ता मूल्याङ्कनकर्ता व्यक्ति वा संस्थालाई भुक्तानी हुन बाँकी रकम रोक्का गरी कालो सूचीमा समेत राख्न सकिनेछ। तर यस्तो कारवाही गर्नु अघि सम्बन्धित संस्था वा व्यक्तिलाई आफ्नो सफाइ पेश गर्ने मौका दिइनेछ।

# परिच्छेद–५
# मूल्याङ्कन व्यवस्थापन

## ५.१ मूल्याङ्कन प्रणालीको व्यवस्थापन :

स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम २७३ घ मा व्यवस्था भएबमोजिम स्थानीय निकाय वित्तीय आयोगको सचिवालयबाट न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्यको व्यवस्थापन हुनेछ। यस मूल्याङ्कनको नतीजाको आधारमा नेपाल सरकारबाट नगरपालिकाहरूलाई प्रदान गरिने पूँजीगत अनुदान तथा अन्य स्रोतहरूको निर्धारण गरिनेछ। न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्य प्रारम्भ गर्नु अगाडि सबै नगरपालिकाहरूलाई जानकारी प्रदान गरिनेछ।

## ५.२ न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको पूर्व तयारी :

न्यूनतम शर्त तथा कार्यसम्पादनको मूल्याङ्कन गर्ने संस्था वा परामर्शदाता टोलीको छनौट स्थानीय निकाय वित्तीय आयोगको सचिवालयले पारदर्शी तरिकाबाट गर्नेछ। छनौट भएका मूल्याङ्कन टोलीलाई सूचक तथा मूल्याङ्कन पद्धति सम्बन्धी तालिमको आयोजना गरिनेछ। मूल्याङ्कन टोलीलाई कार्यक्षेत्रमा सहयोग पुऱ्याउन आवश्यकतानुसार सचिवालयबाट सहजकर्ता खटाउन सकिनेछ। सचिवालयले मूल्याङ्कन टोलीबाट भइरहेको कार्यको अनुगमन गर्नेछ।

मूल्याङ्कन गर्ने टोली सम्बन्धित नगरपालिकामा जानुभन्दा अगाडि सम्बन्धित नगरपालिकालाई टोली आइपुग्ने समय बारे अग्रिम जानकारी दिइनेछ। मूल्याङ्कनलाई अन्तिम रुप दिनु अघि सो को  प्रतिवेदन प्रतिक्रियाका लागि सम्बन्धित नगरपालिकामा पठाइनेछ। सम्वन्धित नगरपालिकाको प्रतिक्रिया प्राप्त गरी सो प्रतिवेदनलाई अन्तिम रुप प्रदान गरिनेछ। साथै मूल्याङ्कनबाट प्राप्त अन्तिम नतिजा सार्वजनिक पनि गरिनेछ।

## ५.३ न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यान्वयन तथा सुपरिवेक्षण व्यवस्था :

### सुपरीवेक्षण तथा न्यवस्थापन समितिको न्यवस्था :

न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको लेखाजोखाको कार्य गराउन निम्न बमोजिमको सुपरिवेक्षण तथा व्यवस्थापन समिति हुनेछ। यस समितिले न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको सहजीकरण र सुपरिवेक्षण गर्नुका साथै उक्त कार्यसम्पादनका क्रममा आईपर्ने बाधा अवरोध हटाई मूल्याङ्कन कार्यलाई निर्वाध रुपमा सम्पन्न गराउने छ।

### सुपरिवेक्षण तथा ब्यबस्थापन समिति :

(क) सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – अध्यक्ष

| | | | |
|---|---|---|---|
| (ख) | सह-सचिवहरू सवै, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | – | सदस्य |
| (ग) | सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोग | – | |
| (घ) | महानिर्देशक, स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग | – | सदस्य |
| (घ) | सह-सचिव (स्थानीय विकास हेर्ने), राष्ट्रिय योजना आयोगको सचिवालय | – | सदस्य |
| (ङ) | सह-सचिव (बजेट तथा कार्यक्रम हेर्ने), अर्थ मन्त्रालय | – | सदस्य |
| च) | प्रतिनिधि, नेपाल नगरपालिका संघ | – | सदस्य |
| (छ) | राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (कार्यक्रम रहेसम्म) | – | सदस्य |
| (ञ) | उपसचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | – | सदस्य-सचिव |

समितिले कार्य सम्पादनको क्रममा दातृ संस्थाको प्रतिनिधि र सम्बन्धित सरकारी एवं गैर सरकारी संघ/संस्थाका प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

## सुपरिवेक्षण तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार ः

यस समितिले स्थानीय निकायहरूको न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको लागि देहायबमोजिम व्यवस्थापन र सुपरिवेक्षण सम्बन्धि आवश्यक कार्यहरू गर्नेछ।

(१) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको व्यवस्थापनमा सचिवालयलाई मार्ग निर्देशन दिने।

(२) न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको अनुगमन र सुपरिवेक्षण गर्ने, गराउने।

(३) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको गुणस्तर सुनिश्चितता (Quality Assurence) का लागि आवश्यक व्यवस्था मिलाउने।

(४) न्यूनतम शर्त तथा कार्य सम्पादन मापनकार्यको व्यवस्थापन कार्यक्रमलाई प्रभावकारी ढंगले संचालन गर्ने गराउने।

(५) गुणस्तर परिक्षणको प्रतिवेदन समेतका आधारमा न्यूनतम शर्त तथा कार्य सम्पादन मापनको अन्तिम नतिजा स्विकृत गर्ने

उक्त समितिको कार्य सम्पादनमा सघाउन र न्यूनतम शर्त तथा कार्य सम्पादन मापन कार्यको कार्यान्वयन सम्ब( न्धी व्यवस्थापन र सहजिकरण कार्य गर्न निम्न बमोजिमको सहजिकरण तथा व्यवस्थापन उपसमिति रहनेछ।

## सहजिकरण तथा व्यवस्थापन उपसमिति ः

| | | | |
|---|---|---|---|
| (क) | सदस्य सचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय | – | संयोजक |
| (ख) | उपसचिव, नगरपालिका व्यवस्था शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | – | सदस्य |
| (ग) | उपसचिव, नगरपालिका योजना शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | – | सदस्य |

(घ) राष्ट्रिय कार्यक्रम प्रवन्धक, स्थानीय शासन तथा
सामुदायिक विकास कार्यक्रम (कार्यक्रम रहेसम्म) – सदस्य

(ङ) उपसचिव, स्थानीय निकाय वित्तीय आयोगको सचिवालय – सदस्य

(च) उप-सचिव –ऐन नियम परामर्श शाखा, सङ्घीय मामिला
तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(छ) उपसचिव – आर्थिक प्रशासन शाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय – सदस्य

(ज) शाखा अधिकृत- स्थानीय निकाय वित्तीय आयोगको सचिवालय – सदस्य सचिव

सम्बन्धित दात्री संस्थाका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा उप समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

## ५.४ मूल्याङ्कन गर्ने टोली :

नगरपालिकाहरूको मूल्याङ्कनका लागि निम्न तालिका अनुसारको विषयमा दक्षता र अनुभव प्राप्त गरेका व्यक्तिहरू संलग्न टोली खटाइनेछ। यो टोलीले स्वतन्त्र रुपमा सम्बन्धित नगरपालिकाको मूल्याङ्कन गरी सो को प्रतिवेदन स्थानीय निकाय वित्तीय आयोगको सचिवालय समक्ष प्रस्तुत गर्न पर्नेछ। टोलीको बनौट देहाय बमोजिम हुनेछ :

| क्र.सं. | दक्षता प्राप्त क्षेत्र/व्यक्ति | संख्या | अध्ययन गर्ने क्षेत्र | योग्यता | कैफियत |
|---|---|---|---|---|---|
| १. | मूल्याङ्कनकर्ता (स्थानीय शासन) | १ | विकेन्द्रीकरण, योजना, अनुगमन तथा मूल्याङ्कन, संस्थागत विकास, असल शासन, योजना प्रक्रिया, शहरी विकास र शहरी सुशासन | स्नातकोत्तर गरी सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको | उपर्युक्त दुबै व्यक्तिहरू मध्ये योग्यता तथा अनुभवको आधारमा एकजना टोली नेता र एक जना सदस्यको रुपमा रहन सक्नेछन्। |
| २ | मूल्याङ्कनकर्ता (वित्तीय व्यवस्थापन) | १ | आय–व्यय विश्लेषण, बजेट व्यवस्थापन, जिन्सी व्यवस्थापन, स्रोत परिचालन र व्यवस्थापन | सम्बन्धित विषयमा स्नातकोत्तर गरी सो विषयक्षेत्रमा कम्तीमा पाँच वर्षको कार्य अनुभव भएको | |

## ५.५ मूल्याङ्कन गर्ने विधि :

मूल्याङ्कन गर्ने टोली नगरपालिकामा पुग्नु अगावै सम्बन्धित नगरपालिकालाई टोली पुग्ने समयको जानकारी भए नभएको निश्चित गर्नु पर्दछ। नगरमा अध्ययन टोली पुगेपछि सर्वप्रथम नगरपालिकाका सम्बन्धित कर्मचारी र राजनीतिक दल लगायत सरोकारवालाहरू समेतको बैठक बसाली अभिमूखीकरण गर्नु पर्नेछ। उक्त बैठकमा सूचकको व्याख्या, मूल्याङ्कनले भविष्यमा पार्ने असरहरू, आवश्यक पर्ने तथ्यहरू र ती तथ्यहरू कहिलेसम्ममा प्राप्त गर्ने भनी प्रष्ट जानकारी दिनुपर्नेछ।

न्यूशकास मापनका सूचक अनुसारका सूचना तथा तथ्यहरू सम्बन्धित शाखा/उपशाखा र इकाई आदिबाट सङ्कलन गर्नु पर्दछ। सङ्कलित सूचना तथा तथ्यहरू जाँचबुझ गरी अवश्यकतानुसार प्रमाणित कागजात समेत लिनु पर्दछ। आवश्यकता अनुसार केही सूचकको स्थलगत अध्ययन गर्नु पर्दछ भने कुनै सूचक बारेमा सम्बन्धित सरोकारवालासँग छलफल गर्नुपर्ने हुन सक्दछ। जस्तो नगरपालिकाभित्रकै सँगठनात्मक संरचना बमोजिमका शाखा तथा ईकाइहरूको स्थिति र फिल्डमा योजनागत सार्वजनिक परीक्षण भए नभएको स्थिति आदिको स्थलगत अध्ययन गर्नुपर्नेछ।

न्यूनतम शर्तको मूल्याङ्कन गर्दा तोकिए अनुसारका कागजात वा अन्य कुनै ठोस प्रमाणबाट पुष्टि हुन नसकेमा न्यूनतम शर्त पूरा नभएको मानिनेछ। त्यस्तै कार्यसम्पादन मापनको हकमा तोकिएको आधारमा अङ्क प्रदान गर्नु पर्नेछ। मूल्याङ्कनको क्रममा नगरपालिकाबाट पेश भएका तथ्य वा कागजातहरू सत्यतामा आधारित नभएको पाइएमा त्यस्तो तथ्य वा कागजात तयार गर्ने/पेश गर्ने/प्रमाणित गर्ने कर्मचारी वा पदाधिकारी उपर प्रचलित कानून वमोजिम विभागीय कारवाही गरिनेछ।

## ५.६ मूल्याङ्कनको नतीजा उपर सुनुवाई सम्बन्धी व्यवस्था :

मूल्याङ्कन टोलीले न्यूनतम शर्त तथा कार्यसम्पादन मापन कार्य सम्पन्न गरेपछि सो को प्रारम्भिक प्रतिवेदन स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा बुझाउने छ। सचिवालयले सो प्रतिवेदन अध्ययन गरी केही सुझाव भए मूल्याङ्कन टोलीलाई उपलव्ध गराउनेछ। मूल्याङ्कन टोलीले सो सुझाव अनुसार परिमार्जन गरी अन्तिम प्रतिवेदन सचिवालयमा पेश गर्नेछ। यस्तो प्रतिवेदन प्रतिक्रियाका लागि सम्बन्धित नगरपालिकामा पठाइनेछ। कुनै नगरपालिकाले मूल्याङ्कन टोलीको नतिजा उपर चित्त नबुझेमा जानकारी प्राप्त भएको पन्ध्र दिन भित्र पुष्ट्याइँ तथा सबुत/प्रमाण सहित सचिवालयमा पुनरावेदन (Appeal) गर्न सक्नेछन्। पुनरावेदन सुन्ने अधिकारी (सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका सचिव) ले यस्तो पुनरावेदन माथि देहाय बमोजिम पुनःविचार गरी अन्तिम निर्णय दिनेछन् :

- पेश भएका सवुत प्रमाणको जाँचवुझ गर्ने
- आवश्यकतानुसार मूल्याङ्कन गर्ने टोली र संस्थासँग थप जानकारी माग्ने।
- सो जानकारीवाट पनि स्थिति स्पष्ट नभएमा अर्को टोलीबाट पुनः मूल्याङ्कन गराउने।
- यसरी पुनरावेदन सुन्ने अधिकारीले गरेको निर्णय अन्तिम हुनेछ।

सबुत/प्रमाण विना गरिएको उजुरमा कुनै सुनुवाई/पुनःविचार गरिने छैन। झुटा विवरण पेश गरी पुनरावेदन गर्ने नगरपालिकाका सम्वन्धित पदाधिकारी तथा कर्मचारीलाई विभागीय कारवाही गरिनेछ।

कुनै नगरपालिकाले गरेको पुनरावेदन सही ठहरेमा थप मूल्याङ्कन टोली पठाउंदाको खर्च आयोगले व्यहोर्ने छ। तर त्यस्तो पुनरावेदन सही नठहरिएमा थप मूल्याङ्कन टोली पठाउंदाको खर्च सम्बन्धित नगरपालिकाले नै व्यहोर्नु पर्नेछ। नगरपालिकाले सो रकम नपठाएमा नगरपालिकालाई प्रदान गरिने अनुदान वा निकासा हुने अन्य स्रोतबाट कट्टा गरिनेछ। पहिले गरेको मूल्याङ्कनमा गम्भीर त्रुटि देखिएमा त्यसरी मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताको अभिलेख राखी आगामी कार्यक्रममा भाग लिन नपाउने गर्न सकिनेछ।

# परिच्छेद–६
# नेपाल सरकारका केन्द्रिय निकायहरूको भूमिका

न्यूशकास मापन कार्यविधि अनुसारका सूचककहरूको पूर्णपालना स्थानीय निकायहरूको एकल प्रयाशले मात्र पनि सम्भव हुन सक्ने देखिंदैन। केन्द्रिय निकायहरूले गरिदिनुपर्ने स्थानीय निकायहरूसँग सम्वन्धित कार्यहरू तोकिएको समयमा तोकिए वमोजिम पूरा गरिदिएमा मात्र स्थानीय निकायहरूलाई यस कार्यविधि वमोजिमका सूचकहरू पूरा गर्न सहज हुन जान्छ। यस सन्दर्भमा केन्द्रिय निकायका भूमिकाले पनि महत्व राख्दछ। आफ्नो भूमिका कुशलतापूर्वक निर्वाह नगर्ने तर अन्तरगतका निकायले भने सवै भूमिका अनिवार्य रुपमा निर्वाह गर्नुपर्छ भन्नु यूक्तिसँगत पनि हुदैन। यो कार्यविधिको सफल कार्यान्वयनका लागि अन्य विभिन्न निकायहरूले निम्नानुसारका भूमिका निर्वाह गर्नुपर्ने हुन्छ।

**राष्ट्रिय योजना आयोग :**

१. स्थानीय स्वायत्त शासन ऐनको दफा १९५ अनुसार पठाउनुपर्ने बजेट सिलिङ्ग तथा मार्गदर्शन कार्तिक मसान्तभित्रै पठाउने।

२. स्थानीयस्तरमा सञ्चालन हुने वार्षिक कार्यक्रम समयमै स्वीकृति गरी पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको विचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय निकायमा पठाउने कार्यलाई निरुत्साहित गर्ने।

**विषयगत मन्त्रालय :**

१. आफ्ना विषयगत क्षेत्रका योजना तर्जुमा सम्बन्धी मार्गदर्शन कार्तिक मसान्त भित्र पठाउने।

२. राजस्व बाँडफाँडको रकम सँग सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालयहरूले तोकिए बमोजिमको रकम सम्वन्धित ऐन, नियम तथा कार्यविधि अनुसार समयमै निकाशा गरिदिने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि स्थानीय निकायमा नपठाउने।

४. आफ्नो मन्त्रालयसँग सम्बन्धित कार्य सम्पादन गर्न नगरपालिकाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

**अर्थ मन्त्रालय :**

१. बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन तथा बजेट सिलिङ्ग कार्तिक मसान्तभित्रै पठाउने।

२. बजेट निकाशा र खर्च गर्ने अख्तियारी समयमै पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि रकम निकाशा नगर्ने।

४. राजस्व बाँडफाँड वापत सम्बन्धित मन्त्रालयले स्थानीय निकायमा पठाउन आवश्यक पर्ने रकम तोकिएको समयमै पठाउन सक्ने गरी यथासमयमा निकाशा दिने।

## सामान्य प्रशासन मन्त्रालय :

१. आर्थिक वर्षको मध्यमा स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी निजामती सेवा ऐन नियम विपरीत कर्मचारीको सरुवा नगर्ने।

२. आर्थिक वर्षको मध्यमा स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी ऐन नियम विपरीत कर्मचारीको सरुवा गर्न सहमति माग भइ आएमा अत्यन्त जरुरी परेकोमा बाहेक सहमति नदिने।

## सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय :

१. बजेट तर्जुमा सम्बन्धी मार्ग दर्शन तथा बजेट सिलिङ्ग कार्तिक मसान्तभित्रै पठाउने कार्यमा समन्वय गर्ने।

२. आफ्नो तर्फवाट पठाउनुपर्ने मार्गदर्शन तोकिएको समयमै पठाउने।

३. वार्षिक बजेट तथा कार्यक्रममा नपरेका कार्यक्रमहरू अनायाश आर्थिक वर्षको वीचमा वा उत्तरार्ध्दमा स्वीकृत गरी कार्यान्वयनका लागि नगरपालिकामा नपठाउने।

४. स्थानीय निकायको काममा प्रतिकूल असर पर्ने गरी ऐन नियम विपरीत कर्मचारीको सरुवा नगर्ने।

५. कर्मचारीको सरुवा, पदस्थापन, कार्यसम्पादन मूल्याङ्कन तथा पुरस्कार दिने वा अध्ययन भ्रमण वा तालिममा पठाउने जस्ता जनशक्ति व्यवस्थापन सम्बन्धी कार्यहरूलाई न्यूशकास मापनको नतिजासँग आवद्ध गर्ने।

६. जगेडा कोषवाट जाने रकमलाई न्यूशकास मापनको परिणामसँग आवद्ध गर्ने।

७. कार्यविधि, निर्देशिका वा निर्देशनहरू आर्थिक वर्ष प्रारम्भ हुनु अगावै तयार गरी पठाउने।

८. नगरपालिकाहरूको क्षमता अभिवृद्धिका कार्यक्रम बनाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्ने।

# परिच्छेद–७
# आचार संहिता

## १. मूल्याङ्कनकर्ताले पालन गर्नुपर्ने आचार संहिता :

मूल्याङ्कन गर्नका लागि छनोट भएका संस्था तथा मूल्याङ्कनकर्ताले देहाय वमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ :

क. स्थानीय निकाय वित्तीय आयोगद्वारा आयोजना गरिने अभिमुखिकरण कार्यक्रममा अनिवार्य रुपले भाग लिनुपर्नेछ।

ख. मूल्याङ्कनका क्रममा मूल्याङ्कनकर्ताले नपालाई कुनै प्रकारको आर्थिक वोझ पार्न वा नपाको आतिथ्यता ग्रहण गर्नु हुँदैन।

ग. मूल्याङ्कनका लागि तोकिएको समयमा तोकिएका दुवै जना मूल्याङ्कनकर्ताहरूले एकै साथ मूल्याङ्कन कार्य प्रारम्भ गरी एकै साथ सम्पन्न गर्नुपर्नेछ।

घ. मूल्याङ्कनका क्रममा कुनै आयोजनास्थलमा जानुपरेको अवस्थामा बाहेक नगरपालिकाको सवारी साधन प्रयोग गर्नु हुँदैन।

ङ. नगरपालिका वा यसका पदाधिकारी वा कर्मचारीलाई कुनै प्रकारको अनुचित प्रभाव वा दवावमा पारी मूल्याङ्कन कार्य सम्पादन गर्नु हुदैन।

च. स्थलगत मूल्याङ्कन कार्य सम्पन्न भएपछि मूल्याङ्कनका क्रममा प्राप्त अनुभवका सम्वन्धमा सम्बन्धित सरोकारवालाहरूसँग छलफल गर्नुपर्नेछ। तर प्राप्त नतिजा वा अङ्क वारे जानकारी दिनु हुदैन।

छ. नपाबाट प्रदान गरिने सेवा प्रवाहमा सकभर कम असर पर्ने गरी मूल्याङ्कन कार्य सम्पादन गर्नुपर्नेछ।

ज. मूल्याङ्कनकर्ताहरूले आ–आफ्नो कार्यक्षेत्र अनुसारका भिन्न भिन्न विषयको अध्ययन गर्ने तर प्रतिवेदन संयूक्त रुपमा तयार गर्नुपर्नेछ।

झ. मूल्याङ्कन कार्य सम्पन्न भएको भन्ने सम्बन्धित नगरपालिका कार्यालयको पत्र लिएर मात्र नगरपालिका छोड्नुपर्नेछ। कार्यक्षेत्रवाट फर्कीसकेपछि सकभर थप कागजात वा तथ्यहरू माग गर्नु हुँदैन।

## २. नगरपालिकाले पालन गर्नुपर्ने आचार संहिता :

क. नगरपालिका कार्यालयलाई आर्थिक व्ययभार पर्ने गरी मूल्याङ्कन कार्यको व्यवस्थापन गर्नु हुँदैन।

ख. मूल्याङ्कनकर्ताहरूको खाना तथा होटल बास खर्च भूक्तान गर्नु हुँदैन।

ग. मूल्याङ्कनका क्रममा कुनै आयोजनास्थलको भ्रमण गराउनु परेको अवस्थामा बाहेक कार्यालयको सवारी साधन मूल्याङ्कनकर्तालाई प्रयोग गर्न दिनु हुँदैन।

घ. मूल्याङ्कनकर्तालाई अनुचित प्रभाव वा दवावमा पारी मूल्याङ्कन कार्य सम्पादन गराउनु हुँदैन।

ङ. मूल्याङ्कनकर्ताले माग गरेका प्रमाण कागजात तथा तथ्यहरू उपलव्ध गराइ सहयोग गर्नुपर्नेछ।

च. मूल्याङ्कनका लागि प्रभाव पार्ने उद्देश्यले गलत तथ्य वा कागजातहरू तयार गर्न वा पेश गर्न हुँदैन।

छ. मूल्याङ्कनमा प्रभाव पार्ने उद्देश्यले मूल्याङ्कन हुनु अघि वा पछि मूल्याङ्कनकर्ताहरूलाई नगरपालिकाको तर्फवाट पारिश्रमिक पाउने गरी थप काम (परामर्श सेवा) दिन पाइने छैन।

ज. मूल्याङ्कनको अन्तिम नतिजा स्थानीय निकाय वित्तीय आयोगबाट सार्वजनिक गरिने हुदा मूल्याङ्कनकर्ताबाट नतिजा प्राप्त गर्नु हुदैन।

झ. मूल्याङ्कन कार्य सम्पन्न भएपछि सोही व्यहोराको पत्र स्थानीय निकाय वित्तीय आयोगको सचिवालयमा पठाउनुपर्नेछ।

# परिच्छेद-८
# न्यूनतम शर्त तथा कार्यसम्पादन मापन अनुसार अनुदान बाँडफाँड प्रणाली

१. न्यूनतम शर्त पूरा गर्न नसक्ने नगरपालिका : सबै पूँजिगत अनुदान रद्द हुने।

२. न्यूनतम शर्त पूरा गरेको तर कार्य सम्पादन मापनको कार्य क्षेत्रमा तोकिएको न्यूनतम अङ्क प्राप्त गर्न नसक्ने नगरपालिका : २० प्रतिशतले कटौती हुने।

३. न्यूनतम शर्त पूरा गरी कार्यसम्पादनका सवै कार्यक्षेत्रमा समेत उत्तीर्ण भइ सवै भन्दा वढी अङ्क प्राप्त गर्ने तीन वटा नगरपालिकाहरू : २० प्रतिशतले थप हुने ।

४. यसपछि बाँकी रहन आएका नगरपालिकाहरूलाई देहाय वमोजिम अनुदान बाँडफाँड गरिनेछ :

क) सवैभन्दा बढी अङ्क प्राप्त गर्ने २५ प्रतिशत नगरपालिकाहरू : १५ प्रतिशतले थप हुने।

ख) त्यसपछि वढी अङ्क प्राप्त गर्ने दोस्रो समूहमा परेका २५ प्रतिशत नगरपालिकाहरू : १० प्रतिशत थप हुने।

ग) त्यसपछि वढी अङ्क प्राप्त गर्ने तेस्रो समूहमा परेका २५ प्रतिशत नगरपालिकाहरू : १० प्रतिशत कटौती हुने ।

घ) यसपछि बांकी अन्तिम समूहमा परेका २५ प्रतिशत नगरपालिकाहरू : १५ प्रतिशत कटौती ।

नेपाल सरकार
स्थानीय निकाय वित्तीय आयोगको सचिवालय
सिंहदरबार, काठमाडौं
फोनः ४२००४३०, ४२००४३१, फ्याक्सः ४२००४३२
E-mail: info@lbfc.gov.np, fiscalcommission@gmail.com
Website: www.lbfc.gov.np